जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १२३ • २०८३ साल आश्विन ४ गते आइतबार (20 September, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नेपाली कांग्रेसको ४३ जिल्लाका ३३९६ वडामा अधिवेशन सम्पन्न

**टुडे समाचारदाता।**

नेपाली कांग्रेसले १५औं केन्द्रीय महाधिवेशनअन्तर्गत शनिबार ४३ जिल्लाका ३ हजार ३९६ वडामा अधिवेशन सम्पन्न गरेको छ।

नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिका अनुसार पार्टीको केन्द्रीय कार्यसमितिको निर्णयअनुसार आगामी असोज १६ देखि १९ गतेसम्म १५औं केन्द्रीय महाधिवेशन गर्दैछ। सो अन्तर्गत शनिबारदेखि वडा अधिवेशनको प्रक्रिया सुरु भएको हो।

निर्वाचन कार्यक्रमअन्तर्गत ताप्लेजुङ, पाँचथर, संखुवासभा, धनकुटा, सोलुखुम्बु, उदयपुर, झापा, मोरङ, महोत्तरी, रामेछाप, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, चितवन, भक्तपुर, ललितपुर, काठमाडौँ, गोरखा, कास्की, मनाङ, पर्वत, स्याङ्जा, बागलुङ, नवलपुर, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम पूर्व, रोल्पा, प्युठान, रुकुम पश्चिम, डोल्पा, जुम्ला, मुगु, हुम्ला, जाजरकोट, दैलेख, सुर्खेत, डोटी, अछाम, दार्चुला, बैतडी, कञ्चनपुर र कैलालीका ३ हजार ३९६ वडामा अधिवेशन सम्पन्न भएको समितिले जनाएको छ।

शनिबार सम्पन्न वडा अधिवेशनबाट वडा कार्यसमिति तथा क्षेत्रीय प्रतिनिधि चयन भएका छन्।

केन्द्रीय निर्वाचन समितिले प्रकाशित गरेको कार्यतालिकाअनुसार रसुवा, नुवाकोट र धादिङबाहेक अन्य ३१ जिल्लामा वडा अधिवेशन आज पनि जारी रहनेछ।

### कांग्रेसको वडा अधिवेशन लथालिंग

# मधेश प्रदेश संस्थापन पक्षमा नै विवाद, अधिकांशमा स्थगित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको संस्थापन पक्षले १५ औं महाधिवेशन तयारीका लागि असोज ३ गते घोषणा गरेको वडा अधिवेशन मधेश प्रदेशको कमै वडामा हुन सकेको छ।

मधेश प्रदेशको आठ जिल्लामा १ सय ३६ पालिका रहेकोमा शनिवार अबेर राती सम्म अधिकांश वडामा अधिवेशन हुन सकेको छैन् ।

मधेश प्रदेशको मुख्यमन्त्री समेत रहेका प्रदेश सभापति कृष्णा यादवको निर्वाचन क्षेत्र नम्बरमा विवाद भएपछि जिल्लाको सबै वडामा अधिवेशन स्थगन गरिएको छ।

प्रदेश प्रवक्ता नितेश गुप्ताले जनाए अनुसार रौतहट जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ मा विवाद देखिएपछि जिल्लाको अधिवेशन स्थगन गरिएको छ।

'प्रदेश सभापति समेतको उपस्थितिमा भएको बैठकले बिबाद टुंग्याएको छ ' उनले भने, आइतवार जिल्लाको सबै वडामा अधिवेशन सम्पन्न गर्ने निर्णय गरिएको छ।

संस्थापन पक्षमा रहेका पूर्व सहमहामन्त्री महेन्द्र यादव समेतका नेताहरु वडा अधिवेशन गराउन लागेको बताइन्छ।धनुषा जिल्लाको तीनवटा निर्वाचन क्षेत्रमा वडा अधिवेशन भएपनि यादवको निर्वाचन क्षेत्र रहेको चार नम्बरमा वडा अधिवेशन प्रारम्भ हुन सकेन् ।त्यहाँ सांसद डा.चन्द्रमोहन यादवको वडा नम्बर चार र जनकपुरधामको वडा नम्बर १९ मा बिबाद रहेकोले अधिवेशन स्थगन गरिएको छ।

धनुषाका जिल्ला सभापति योगेन्द्र पजियारले जनाए अनुसार तीस देखि चालिसवटा वडामा मात्र अधिवेशन भएको छ।धनुषामा १ सय ६९ वटा वडा



रहेका छन् ।

कांग्रेस इतर पक्षले घोषणा १५ गते वडा अधिवेशन गर्ने घोषणा गरेको छ ।कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधि, सांसद आनन्द प्रसाद ढुंगाना लगायतका नेताहरु इतर पक्षमा रहेका छन् ।इतर पक्षले दावी गरे अनुसार धनुषामा संस्थापन पक्षको वडा अधिवेशन थोरै स्थानमा सिमित व्यक्तिहरुको सहभागितामा भएको छ।

संस्थापन र इतर पक्षले नेपाली कांग्रेस, चारतारा झण्डा र रुखछापकै ब्यानर बनाएर वडा अधिवेशनको घोषणा गरेको छ ।दुवै पक्षले पार्टीको १५ औं महाधिवेशन नै घोषणा गरेका छन्। संस्थापन पक्षले घोषणा गरेको वडा अधिवेशन नहुनुको कारण नेता र कार्यकर्ताहरु अल्मलमा पर्नु हो ।केन्द्रिय स्तरका नेताहरु प्रष्ट रुपमा विभाजित देखिएपनि वडाका नेता, कार्यकर्ताहरु अझै अल्मलमा रहेका छन्।

संस्थापन पक्षमा समेत नेताहरुबीचको पुरानो गुटबन्दी कायमै रहेको छ ।धनुषाको चार नम्बर क्षेत्रमा डा.चन्द्रमोहन यादवको अडानको कारण वडा अधिवेशन रोकिएको छ ।उनको प्रभाव जनकपुरधाम उपमहानगरको वडा नम्बर १९ र उनको गृह वडा रहेको लक्ष्मीनिया गाउँपालिकाको वडा नम्बर ४ सपहीमा रहेको छ ।त्यहाँ सदस्यता विवाद रहेको बताउँदै क्षेत्रभरिकै अधिवेशन स्थगित गरिएको छ।

डा.यादव इतर पक्षका नेता डा.शेखर कोइरालाको पक्षमा रहेको बताइन्छ ।उनी संस्थापन पक्षमा नरहेकाले वडामा अधिवेशन स्थगन गराएको बताइन्छ ।तर दुई खेमामा रहेका महेन्द्र यादव र जिल्ला सभापति पजियार भने हाल एउटै खेमा संस्थापन पक्षमा जोडिएका छन्।

धनुषाका जिल्ला उपसभापति गणेश झाले जनाए अनुसार केन्द्रिय निर्वाचन प्रतिनिधिले अधिवेशन स्थगन नगरेपनि कार्यवाहक क्षेत्रीय सभापति योगनारायण यादवले समाजिक सञ्जाल फेसबुकमा वडा अधिवेशनहरु स्थगन भएको सूचना सार्वजनिक गरेपछि स्थगन भएको हो ।

महोत्तरी जिल्लामा १ सय ८० वडा रहेकोमा अधिकतम १५ वटा वडामा शनिवार अधिवेशन सम्पन्न भएको जिल्ला सभापति नागेश्वर यादवले जनाएका छन्।'सबै वडामा प्रकृया प्रारम्भ भइसकेको छ ' उनले भने, अधिकांश वडामा आइतवार सम्पन्न भइसक्ने छ ।कतिपय वडामा सहमतिको प्रयास, कतिपयमा चुनावको चर्चा, कतिपयमा सदस्यताको झमेला देखिएपनि सबै वडामा सहमती नै हुने संभावना रहेको उनले बताए।

धनुषाको निर्वाचन क्षेत्र नम्बर तीनमा पर्ने जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ८ मा सर्वसम्मतीबाट पुरानै सभापति दोहरिएका छन् ।धनुषाका चर्चित कांग्रेसका नेतामा गणिनथालेका जिवनाथ चौधरीको घर रहेको सो वडामा कांग्रेस इतर पक्षको प्रभाव निकै कमजोर देखिएको छ।

बारा र पर्सा जिल्लाकोपनि अधिकांश वडामा अधिवेशन हुन सकेको छैन् ।पार्टी भित्रको किचलोले वडास्तरीय कार्यकर्ताहरु खुल्न चाहिरहेका छैनन् ।उनीहरुले पार्टीलाई एकिकृत गर्न केन्द्रिय नेताहरुमाथि दवाव बनाउने प्रयास गरेका छन्।

सर्लाही, सिरहा र सप्तरी जिल्लामापनि थोरै वडामा अधिवेशन भएको छ ।अधिकांश वडामा अधिवेशन हुन सकेन् ।संस्थापन पक्षको अधिवेशन निर्धारित समयमा थोरै वडामा हुनुलाई इतर पक्षले आफ्नो प्रभाव बलियो रहेको तर्क दिएको छ।

अधिकांश केन्द्रिय नेताहरु मधेश प्रदेशमा संस्थापन पक्षमा छन् ।तर वडा स्तरका नेता, कार्यकर्ताहरु विभाजित हुन चाहेका छैनन्।

### देवानगञ्जमा फेरी गोली प्रहार

# एक घाइते, दुई पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरीको देवानगन्ज गाउँपालिका-१ मा फेरी गोली प्रहार भएको छ। गोली प्रहारबाट एक युवक घाइते भएको सुनसरी प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार गोली लागेर देवानगन्ज गाउपालिका वडा नम्बर १ का निरज यादव घाइते भएका हुन् । उनको तिघ्रामा गोली लागेको छ। घाइते यादवको विराटनगरस्थित नोबेल अस्पतालमा उपचार भइरहेको प्रहरीले छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डीएसपी चन्द्र खड्काले गोली प्रहार भएको पुष्टि गरे । उनले घटनाको विस्तृत विवरण आउन बाँकी रहेको बताए। उनले त्यहाँ प्रहरी परिचालन गरी सकेको र आफू म त्यहीँ पुग्न लागेको जानकारी दिए।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । तर पक्राउ परेकाको पहिचानसहितका विवरण प्रहरीले सार्वजनिक गरेको



छैन।

गोली के कारणले चलेको भन्नेबारे नखुलेको सीडीओ ईश्वरी प्रसाद अर्यालले बताएका छन् ।उनले पनि घटनाको कारणबारे बुझ्ने काम भइरहेको बताए।

यस अघि साउनमा देवानगन्जमा दूई समुदायका विचमा भएको झडप नियन्त्रणमा प्रहरीले गोली चलाउदा ३ जनाको मृत्यु भएको थियो । देवानगन्ज घाटना पछि मधेस प्रदेशमा समेत साम्प्रदायिक हिंसा फैलिएको थियो । सो क्रममा सिरहामा एक युवकको मृत्यु भएको थियो।

घटना पश्चात गृहमन्त्री सुदन गुरुङ्ग आफै पिडीत परिवार हरुसँग भेटेर दोषीलाई कारवाही गर्ने सम्झौता गरेपछि प्रदर्शन साम्य भएको थियो । गृहमन्त्री गुरुङ्गको सम्झौता अनुसार गठित छानबीन समितिले दुई सिडिओसहित ८ कर्मचारीलाई कारवाहीका लागि सिफारिस गरेपनि अहिलेसम्म कारवाही हुन सकेको छैन।

देवागञ्जको कप्तानगञ्ज घटनाबारे सहसचिव भूपेन्द्र थापा र गोलबजारमा भएको घटनाबारे गृह मन्त्रालयकै अर्का सहसचिव पुष्पराज शाही नेतृत्वको समितिले छानबिन गरेको थियो। दुवै समितिले सुरक्षाकर्मीकै गोलीबाट मानवीय क्षति भएको निष्कर्ष निकालेका थिए।

समितिले दुई जना प्रमुख जिल्ला अधिकारी सहितका सुरक्षा कमान्डरहरूलाई कारबाही गर्न सिफारिस गरेको छ। सुनसरीका तत्कालीन प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरे र सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई कारबाही गर्न समितिले सिफारिस गरेको छ।

समितिले इलाका प्रहरी कार्यालय देवानगञ्जका तत्कालीन इन्स्पेक्टर राकेश राई, जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी चन्द्र खड्का र सशस्त्र प्रहरीका डीएसपी नन्दकिशोर महतलाई कारबाही गर्न सिफारिस गरेको हो।

यस्तै सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, एसपी बासु पाठक, डीएसपी रमेश पाल र इलाका प्रहरी कार्यालय गोलबजारका तत्कालीन इन्स्पेक्टर सुदन केसीलाई कारबाही गर्न सिफारिस गरिएको छ।

देवागञ्जको झडपमा ३० वर्षीय ओमप्रकाश मेहता, २० वर्षीय जयप्रकाश मेहता र २२ वर्षीय रविन्द्र मेहता मृत्यु भएकोथियोभने सिरहामा गणेश यादवको प्रहरीको गोली लागेर मृत्यु भएको थियो।

# फरार आरोपीलाई गोली प्रहार गरी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहामा एक भारतीय युवकलाई गोली प्रहार गरी पक्राउ गरिएको छ । ड्युटीमा रहेका सशस्त्र प्रहरी नायब निरीक्षक लक्ष्मणप्रसाद यादवको ज्यान लिने उद्देश्यले भएको संगठित अपराध कसुरका एक प्रतिवादीलाई प्रहरी गोली प्रहार गरी पक्राउ गरिएको हो।

सिरहा प्रहरीले २२ महिनापछि प्रतिवादी भारत बिहार राज्यको मधुबनी जिल्ला मधवनी थाना ललमनियाँ गाउँ घोडामोहनाका ३७ वर्षीय मोहम्मद कुर्बान मंसुरीलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बरियारपट्टी गाउँपालिका-२ कचनारीस्थित नेपाल-भारत सीमाक्षेत्र नजिकबाट भारततर्फ टाटा सफारी गाडीमा ठूलो मात्रामा मदिरा




तस्करी भइरहेको गोप्य सूचनाका आधारमा प्रहरी टोलीले २०८१ माघ १६ गते बिहान करिब ३ बजे गाडी रोकी जाँच गर्न खोजेको थियो।

प्रहरीका अनुसार सो क्रममा गाडीमा सवार व्यक्तिहरूले ड्युटीमा रहेका प्रहरी नायब निरीक्षक लक्ष्मणप्रसाद यादवलाई ज्यान मार्ने उद्देश्यले ठक्कर दिई ज्यान मार्ने प्रयास गरेका थिए। घटनापछि उनीहरू फरार भएका थिए।


फरार प्रतिवादीमध्ये मुख्य अभियुक्त टाटा सफारी धनी तथा चालक मंसुरीलाई पक्राउ गरेको सिरहाका प्रहरी प्रवक्ता डीएसपी रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार २०८३ भदौ ३ गते साँझ करिब ७:१० बजे बरियारपट्टी गाउँपालिका-१ कचनारीस्थित नेपाल-भारत सीमाक्षेत्र नजिक नियन्त्रणमा लिने क्रममा मोहम्मद कुर्बानसहित तीन जनाले प्रहरी टोलीलाई लक्षित गरी एक राउन्ड फायर गरेका थिए।

प्रहरीले जवाफी कारबाहीका क्रममा तीन राउन्ड गोली चलाउँदा मुख्य अभियुक्त कुर्बानको बायाँ हातको कुहिना तथा दाहिने खुट्टाको घुँडामा गोली लागेको थियो । गोली लागेर घाइते भएका कुर्बानलाई प्रहरीले नियन्त्रणमा लिई उपचारका लागि प्रादेशिक अस्पताल सिरहामा भर्ना गरिएको सिरहा प्रहरीले जनाएको छ।



# कांग्रेस सर्लाहीका सभापतिले दिए राजीनामा



**टुडे समाचारदाता**

मलंगवा । नेपाली कांग्रेस सर्लाही जिल्ला कार्यसमितिका कार्यवाहक सभापति सरोज कुमार कौडेनाले राजनीमा दिएका छन् । पार्टीको क्रियाशील सदस्यता वितरण तथा नवीकरण प्रक्रियामा लोकतान्त्रिक मूल्य, मान्यता र पद्धति पालना नभएको आरोप लगाउँदै पदबाट राजीनामा दिएका हुन् ।

कौडेनाले नेपाली कांग्रेस केन्द्रीय कार्यालय, सानेपा, ललितपुरमा राजीनामा पत्र बुझाउँदै सर्लाही क्षेत्र नम्बर २ मा क्रियाशील सदस्यता वितरणका क्रममा भएको भनिएको धाँधलीपूर्ण व्यवहारप्रति गम्भीर असन्तुष्टि व्यक्त गरेका हुन् ।

राजीनामा पत्रमा उनले नेपाली कांग्रेस राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई मूल आदर्श मानी विधिको शासन तथा समतामूलक समाज निर्माणमा अघि बढ्दै आएको उल्लेख गर्दै पछिल्लो सदस्यता वितरण प्रक्रियाले पार्टीभित्रका लोकतान्त्रिक मूल्य र मान्यतामाथि प्रश्न उठाएको बताएका छन्।

कौडेनाले पार्टीका संस्थापक नेताहरू बीपी कोइराला, सुवर्ण शमशेर राणा, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईको विचार तथा दृष्टिकोणबाट पार्टी विमुख हुँदै गएको आरोपसमेत लगाएका छन् ।

उनका अनुसार स्थानीय, प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा पार्टीका उम्मेदवारलाई पराजित गराउन भूमिका निर्वाह गरेका भनिएका व्यक्तिमाथि कारबाही गर्नुको सट्टा क्रियाशील सदस्यता प्रदान तथा नवीकरण गरिएको विषयले सर्लाहीका कांग्रेस कार्यकर्ताको भावना र मनोबलमा गम्भीर असर परेको छ ।

यस्ता गतिविधि आफूलाई असह्य भएको उल्लेख गर्दै कौडेनाले नेपाली कांग्रेस सर्लाही जिल्ला कार्यसमितिको कार्यवाहक सभापतिको पदसँगै नेपाली कांग्रेसको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएको बताएका छन् ।

उनले आफ्नो राजीनामा तत्काल लागू हुने गरी स्वीकृत गर्न पार्टी नेतृत्वसमक्ष अनुरोध गरेका छन्। साथै, पार्टी सभापतिको राजनीतिक सफलताको कामनासमेत गरेका छन् । यस्तै सर्लाही क्षेत्र नम्बर २ (ख) को सभापतिबाट भिखारी ठाकुरले समेत राजीनामा दिएका छन् ।

# संविधान दिवसलाई तमलोपाले मनाए कालो दिन

**टुडे समाचारदाता**

जनकपुरधाम । तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले संविधान दिवसलाई कालो दिनको रुपमा मनाएका छन्। २०७२ साल असोज ३ गते जारी गरिएको संविधानप्रति असन्तुष्टि जनाउँदै शनिवार असोज ३ लाई तमलोपाले ‘कालो दिन’का रूपमा स्मरण गरेको छ।

मधेश आन्दोलनका क्रममा तथा संविधान जारी गर्ने क्रममा मधेशी र थारुमाथि राज्य पक्षबाट भएको दमनलाई नेपालको इतिहासको ‘कालो पाना’को संज्ञा दिँदै तमलोपाले जनकपुरधामस्थित जनकचोकमा विरोध प्रदर्शन गरेको हो ।



असोज ३ को अवसरमा जारी गरिएको पार्टीको धारणा सार्वजनिक गर्दै तमलोपाले आन्दोलनमा ज्यान गुमाएका शहीद तथा सहभागी आन्दोलनकारीप्रति सम्मान व्यक्त गरेको हो ।

तमलोपाका केन्द्रीय सदस्य उमेश कुमार मण्डलले संविधान जारी भएको दिनलाई उत्सवका रूपमा नभई मधेशी, थारु लगायतका समुदायले भोगेको विभेद, दमन र अधिकारको संघर्ष सम्झने दिनका रूपमा लिनुपर्ने बताए ।

‘मधेश आन्दोलनका क्रममा राज्यबाट भएको दमन र असोज ३ गते संविधान जारी गर्दाको परिस्थितिलाई मधेशले अझै बिर्सेको छैन । त्यसैले असोज ३ मधेशका लागि उत्सवको दिन नभई अधिकारका लागि बलिदान दिएका शहीद र आन्दोलनकारीलाई सम्झिने दिन हो,’ मण्डलले भने ।

उनले आन्दोलनका क्रममा उठाइएका माग तथा संविधानमा रहेका असमानतासम्बन्धी प्रश्नको सम्बोधन नगरी मुलुकमा स्थायी राजनीतिक सहमति र सामाजिक न्याय कायम हुन नसक्ने धारणा समेत व्यक्त गरे ।

मण्डलले शहीदहरूको बलिदान र आन्दोलनकारीको योगदानलाई सम्मान गर्दै राज्यले विगतका आन्दोलनमा भएका दमनका घटनाको निष्पक्ष समीक्षा गर्नुपर्नेमा जोड दिए । साथै मधेशी, थारु लगायतका समुदायले उठाउँदै आएका अधिकार र प्रतिनिधित्वका सवाललाई राजनीतिक संवादमार्फत सम्बोधन गर्नुपर्ने उनको भनाइ छ ।

असोज ३ लाई ‘कालो दिन’का रूपमा स्मरण गर्दै मधेश आन्दोलनमा शहादत प्राप्त गरेका सम्पूर्ण शहीद तथा आन्दोलनकारीप्रति सम्मान व्यक्त गरेको छ भने विगतदेखि नै राज्यद्वारा गरिएको दमनको विरोध तमलोपाले गर्दै आएको छ ।

# आयोगले एघारौं तहको विज्ञापन प्रकाशन गरेनन्

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवा र स्थानीय सेवातर्फका अधिकृत एघारौं र नवौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन तत्काल प्रकाशन गरेका छैनन् ।

आयोगले चालु आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यतालिका अनुसार भदौ महिनाको अन्तिम बुधबार अर्थात् २०८४ भदौ २५ गते प्रदेश निजामती सेवातर्फका अधिकृत एघारौं तहका पदको विज्ञापन प्रकाशन गर्नुपर्ने थियो । तर, मधेश प्रदेश सरकार अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन (ओएण्डएम) सम्बन्धी कार्य सम्पन्न भइनसकेको लगायतका कारण निर्धारित समयमा विज्ञापन प्रकाशन गर्न नसकिएको भनी आयोगले सूचना सार्वजनिक गरेको छ ।

आयोगका अनुसार प्रदेश निजामती सेवा ऐन, २०७७ को प्रावधान तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्राचार र सम्बन्धित निर्णयका आधारमा यसअघि तय गरिएको विज्ञापन सम्बन्धी कार्यतालिका प्रभावित भएको हो ।

त्यस्तै, स्थानीय सेवातर्फका अधिकृत एघारौं तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन समेत निर्धारित कार्यतालिका अनुसार प्रकाशन गर्न सकेको छैन । आयोगले स्थानीय सेवासम्बन्धी कानुनी व्यवस्था तथा आवश्यक प्रशासनिक प्रक्रिया पूरा भएपछि मात्रै विज्ञापन प्रकाशन गर्ने सूचनामा भनेको छ ।

# छुट्टाछुटै दुर्घटनामा दुई जनाको मृत्यु, एक घाइते



जनकपुरधाम । सिरहाको छुट्टाछुटै स्थानमा शनिबार भएको दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

सिरहाको सिरहा नगरपालिका १९ मा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ भने पूर्वपश्चिम राजमार्गअन्तर्गत सिरहाको नरहा गाउँपालिका-३ मा ट्रकको ठक्करबाट एक जनाको मृत्यु भएको छ ।

मोटर चलाएर खेतमा पानी लगाउन क्रममा शनिबार दिउँसो करेन्ट लागेर सिरहा नगरपालिका-१९ निवासी ३५ वर्षीय सञ्जिव यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिनुभयो । मृतक यादवको शव परीक्षणका लागि प्रादेशिक अस्पताल सिरहामा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक पालले बताउनुभयो ।

यस्तै, पूर्वपश्चिम राजमार्गअन्तर्गत सिरहाको नरहा गाउँपालिका- ३ रोजी मेडिकल नजिकै ना४ख ८५०४ नम्बरको ट्रकले ठक्कर दिँदा पैदलयात्री स्थानीय ५० वर्षीय रामपृत मण्डलको घटनास्थलमै मृत्यु भएको प्रहरी नायब उपरीक्षक पालले बताउनुभयो ।

सोही ट्रकको ठक्करबाट स्थानीय ४५ वर्षीय राजातुल अन्सारी घाइते भएको र उहाँको स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । रासस

# बारामा १६४ सवारी दुर्घटना

**टुडे समाचारदाता**

बारा । चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिनामै बारामा १६४ वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा १८ जनाको मृत्यु भएको छ भने २३३ जना घाइते भएका छन् ।



जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढका प्रमुख प्रहरी निरीक्षक हरि भट्टराईका अनुसार साउन र भदौ महिनामा भएका दुर्घटनामा मानवीय क्षतिसँगै ठूलो स\`्यामा मानिस घाइते भएका हुन् ।

दुर्घटनाको यो तथ्यांकले पूर्व-पश्चिम तथा वीरगन्ज-पथलैया सडकखण्डमा सवारी आवागमनसँगै सडक सुरक्षाको चुनौती देखाएको छ । यसै क्रममा भदौ ३१ गते राति जीतपुरसिमरा उपमहानगरपालिका-२३ स्थित सागर आयल पेट्रोल पम्पनजिकै दुई जनाको ज्यान जाने गरी दुर्घटना भएको थियो ।

प्रहरीका अनुसार वीरगन्ज-पथलैया सडकखण्ड अन्तर्गत ऐरोटेक ग्यास कम्पनीबाट पूर्वतर्फको सर्भिस लेन हुँदै एक्सप्रेस-वेमा प्रवेश गरिरहेको ना.३ ख ५६१० नम्बरको एलपी ग्यास बोकेको ट्रकले जीतपुरबाट वीरगन्जतर्फ जाँदै गरेको ना.४३ प ५१२२ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो ।

ठक्करबाट मोटरसाइकल चालक र पछाडि सवार दुवै जना गम्भीर घाइते भएका थिए । उनीहरुलाई तत्काल उपचारका लागि वीरगन्जस्थित नारायणी अस्पताल लगिएको थियो । उपचारका क्रममा चिकित्सकले दुवैलाई मृत घोषणा गरेका थिए ।

मृत्यु हुनेमा पर्साको वीरगन्ज महानगरपालिका-१५ नगवाका करिब ३५ वर्षीय रविन्द्र उपाध्याय र बाराको करैयामाई गाउँपालिका-७ का करिब ३० वर्षीय दिलिप चौधरी रहेका छन् । प्रहरीका अनुसार दुवैको राति करिब ९:१० बजे उपचारका क्रममा मृत्यु भएको हो। मोटरसाइकल चालक को थिए भन्ने तत्काल खुल्न नसकेको र शव नारायणी अस्पतालमै राखिएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा सङ्लग्न ट्रक र चालकलाई इलाका प्रहरी कार्यालय सिमराले नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको छ । बाराका मुख्य सडकखण्डमा सवारीको चाप बढ्दै जाँदा तीव्र गति, लेन अनुशासनको कमी, सडकको संरचना तथा चालक र पैदलयात्रुको सावधानीजस्ता विषय सडक सुरक्षाका प्रमुख चुनौतीका रुपमा देखिएका छन् ।

# विद्यार्थीहरुलाई विद्यालय पोशाक वितरण

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बलरा नगरपालिका-५ अरनाहास्थित श्री सरस्वती अमरेश बाबुनन्दन सिंह माध्यमिक विद्यालयका ८ सय ६० विद्यार्थीलाई शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड विद्यालय पोशाक वितरण गरेका छन् ।



संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसर पारेर कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) कार्यक्रम अन्तर्गत विद्यार्थीलाई पोशाक वितरण गरेको हो । विद्यालयमा अध्ययनरत विद्यार्थीलाई शैक्षिक सामग्री तथा पोशाकजस्ता आधार भूत आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको कम्पनीले जनाएको छ ।

कम्पनीले ‘शिक्षामा सहयोग, विद्यार्थीको उज्ज्वल भविष्यको आधार’ भन्ने नारासहित सामाजिक उत्तरदायित्वअन्तर्गत कार्यक्रम आयोजना गरेको हो । कार्यक्रमका लागि सर्लाही क्षेत्र नम्बर-४ का प्रतिनिधि सभा सदस्य अमरेश कुमार सिंहको पहल रहेको थियो ।

कार्यक्रममा बोल्दै सिंहले आर्थिक अभावका कारण कुनै पनि विद्यार्थी शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले विद्यार्थीको शैक्षिक वातावरण सुधारमा सहयोग आवश्यक रहेको बताए ।

उनले भने, ‘विद्यार्थीको पोशाक वितरण सहयोगको विषय मात्र नभई उनीहरूलाई विद्यालयप्रति थप आकर्षित गर्ने र शिक्षामा समान अवसरको वातावरण निर्माण गर्ने प्रयास हो । आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकालाई शिक्षाको मूलधारमा टिकाइराख्न यस्ता सहयोगले महत्वपूर्ण भूमिका खेल्छ। शिक्षामा गरिएको लगानी नै समाजको दीर्घकालीन विकासको आधार भएकाले विद्यार्थीको आवश्यकता पूरा गर्न सबै क्षेत्रबाट सहकार्य आवश्यक छ।’

सिंहले विद्यालयको शैक्षिक गुणस्तर सुधारसँगै विद्यार्थीका आधारभूत आवश्यकतामा समेत ध्यान दिनुपर्ने बताउँदै आगामी दिनमा पनि शिक्षा क्षेत्रमा सहयोग र सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा कम्पनीका मधेश प्रदेश प्रमुख सुरेश चन्द्र गुप्ता, शिखर इन्स्योरेन्सका कम्पनी सचिव सुरज राज बाहकलगायत जनकपुरधाम, बर्दिबास, बरहथवा, लालबन्दी तथा गरुडा शाखाका प्रमुखको उपस्थिति रहेको थियो ।

# क्षिरेश्वरका ६३० परिवारलाई लालपुर्जा वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम, ३ असोज । नाप नक्सा भई लामो समयदेखि सुकुम्बासी बस्दै आएका धनुषाको क्षिरेश्वरनाथ नगरपालिकाका ६३० परिवारलाई जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) वितरण गरिएको छ ।

शुक्रवार हालको क्षिरेश्वरनाथ नगरपालिका १ (साबिकको रमदैया भवाडी गाविसको वडा नम्बर २, ३, ४, ६, ७ र ८) का ३८८ घर परिवारलाई लालपूर्जा वितरण गरिएको थियो भने शनिवार क्षिरेश्वरनाथ नगरपालिका २ का २४२ परिवारले नापजाँच सम्पन्न भएको करिब ९ वर्षपछि लालपुर्जा दिइएको हो ।

साविक रमदैया भवाडी गाविसका वडा नम्बर १, ५ र ९ मा लामो समयदेखि स्ववासीका रूपमा बसोबास गर्दै आएका स्थानीय परिवारलाई शनिवार नापी कार्यालय धनुषाले आवश्यक प्रक्रिया पूरा गरी लालपुर्जा वितरण गरिएको बताइएको छ ।

उक्त क्षेत्रको नापजाँच तथा नापनक्साको काम २०७४ सालमै सम्पन्न भएको थियो । तर, नापजाँच सकिए पनि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा हुन नसक्दा स्थानीयले वर्षौंसम्म लालपुर्जा पाउन सकेका थिएनन् ।

लामो समयदेखि रोकिएको प्रक्रिया अघि बढेपछि अहिले क्षिरेश्वरनाथ वडा नम्बर १ र २ का ६३० परिवारले आफ्नो नाममा जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) प्राप्त गरेका हुन् । लालपुर्जा पाएसँगै स्ववासीका रूपमा बसोबास गर्दै आएका परिवारको जग्गामाथिको कानुनी स्वामित्व औपचारिक रूपमा स्थापित भएको छ ।

जग्गाधनी प्रमाण पुर्जा प्राप्त भएपछि स्थानीयलाई जग्गा किनबेच, बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिन तथा भूमिसम्बन्धी विवाद निरुपण गर्नसमेत सहज भएको नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमार साहले जानकारी दिएका छ्न ।

स्ववासीको लगत तयार हुने र गाउँ ब्लक क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा संवर्धनमा समेत सहयोग पुग्ने नापी कार्यालयले जनाएको छ । स्थानीय तहलाई व्यवस्थित बसोबास क्षेत्रको अवधारणा तयार गरी दीर्घकालीन योजना बनाउनसमेत पुर्जा वितरणले सहज बनाउने बताइएको छ ।

नापी कार्यालय धनुषाले नाप नक्सा सम्पन्न भइसकेका तर दर्ता प्रक्रिया बाँकी रहेका जिल्लाका अन्य गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको विवरण अध्ययन गरी आवश्यक कानुनी प्रक्रिया पूरा गरेर पुर्जा वितरणलाई निरन्तरता दिने जनाएको छ ।

यसअघि धनुषामा विभिन्न स्थानमा गरी ४ हजार ३ सय ५४ परिवारलाई जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) वितरण गरिसकिएको उनले जनाएको छ ।

न्यायालय में,

**सब जज द्वितीय**

**सीतामढ़ी ।**

हकीयत वाद संख्या-९८/२००४

रजि० नं०-१३०४/२०१४

राम किशोर चौधरी वो अन्य ........................ मुदईयान

**बनाम**

शांति देवी वो अन्य .................................मुदालहुम

चूँ बजरिए इस नोटिश के आप प्रतिवादी (मुदालह) १ (ग) मीना देवी पिता स्व० हजारी प्रसाद चौधरी पति केशव प्रसाद ग्राम + पो०-बरहथवा थाना-बरहथवा, जिला-मलगंवा (सर्लाही) नेपाल १ (घ) वीणा देवी पिता स्व० हजारी प्रसाद चौधरी पति मनोज प्रसाद ग्राम पोस्ट थाना सिसौटिया जिला-मलंगवा (सर्लाही) नेपाल १ (ड) नगीना देवी पिता स्व० हजारी प्रसाद चौधरी पति दिलीप प्रसाद ग्राम-पिपराढ़ी उर्फ पिराही थाना पिराही उर्फ पिपराढ़ी जिला मलंगवा (सर्लाही) नेपाल को सूचित किया जाता है कि आपलोगों के विरूद्ध हकीयत वाद संख्या-९८/२००४ मेरे न्यायालय में लम्बित है और जिसमें उपस्थित होने के लिए रजिस्र्ड डाक द्वारा आपको नोटिश भेजा गया, परन्तु आपलोग उपस्थित नहीं हुए है । इसलिए इस गजट के द्वारा आपलोगों को हिदायत के साथ अगाह किया जाता है कि मेरे न्यायालय (सब जज द्वितीय व्यवहार न्यायालय सीतामढ़ी) में दिनांक २२.९.२६ को साढे १० बजे उपस्थित होवे अन्यथा आपलोगों के विरूद्ध मोकदम की सुनवाई एकपक्षीये की जायेगी।


इसे ताकिद जाने।

मेरे हस्ताक्षर एवं न्यायालय के मुहर से निर्गत।

**सब राज द्वितीय**

**सीतामढ़ी ।**





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# संविधानको बिरोध कायमै

२०७२ सालको असोज ३ गते जारी भएको नेपाल अधिराज्यको संविधानको बिरोध अझै कायमै छ ।संविधान जारी भएको एक दशक बितिसक्दापनि संविधानको त्रुटीहरु सच्चयाउन सकारात्मक प्रयास नहुँदा असन्तुष्टहरुको असन्तुष्टि बढनु अस्वभाविक होइन् ।संविधान जारी भएको दिन संविधान सभाको बैठक बहिष्कारगरि बाहिर नाराबाजी गर्नेहरुको मागलाई अझै संबोधन गरिएको छैन् ।तत्कालिन संविधान सभा भवनमा संविधान घोषणा भइरहँदा तराई मधेशमा भारी बिरोध प्रदर्शन भएको थियो ।त्यस क्रममा प्रहरीको गोली लागेर केहिले वीरगति प्राप्त गरे ।केहि घाइते भए ।संविधानलाई नमान्ने घोषणा गरेकाहरु केहि वर्ष भित्रै संविधानलाई स्वीकार्यगर्दै स्थानीय तहको चुनावमा सहभागी भएका थिए ।त्यसपछि संविधान संशोधनको दवाव सत्ताधारी ठूला दलहरुमाथि कमजोर हुँदै गयो ।संविधान संशोधन नहुँदै असन्तुष्ट नेताहरु संविधानलाई स्वीकारगर्दै सरकारमा सहभागि भए ।उनीहरुको गतिबिधिले संविधान बिरोधी शक्ति कमजोर भए ।तर संविधानको बिरोध अझै कायमै छ ।पटक पटक संविधानको सपथ लिनेहरुलेपनि संविधानप्रतिको असन्तुष्टि जनाउने औपचारिकता निर्वाहगर्दै आएका छन् ।खासगरि तराई मधेश केन्द्रित दलहरुले संविधानको बिरोध गरिरहेका छन् ।मधेशी, आदीवासी, जनजाती, दलित, महिलाको अधिकारलाई संबिधानले सुनिश्चित नगरेकोले संविधानमा त्यसको प्रत्याभूती खोजिएको छ ।त्यस लगायतका कयौं विषयहरु संविधानमा समावेश गर्न आवश्यक छ ।संविधानलाई सर्वस्वीकार्य बनाउन खसआर्य बाधक देखिएको छ ।देशका ठूला दलले संविधान संशोधन चाहेको छैन् ।संविधान संशोधन नभएकै कारण राजनीतिक रुपमा कयौं जटिलताहरु देखिएका छन् ।संविधान संशोधन गर्नुपर्ने आवश्यकता धेरै नेताहरुले महसुस गरेका छन् ।तर उनीहरुले प्रभावकारी भूमिका निर्वाह गरेको देखिदैन् ।संविधान समयानुकुल परिवर्तन भइरहनुपर्छ ।संविधान गीता र रामायण जस्तो धर्मग्रन्थ होइन् ।राष्ट्रिय समस्या समाधान गर्न संविधानलाई संशोधन गर्न सबै नेताहरु तयार रहनुपर्छ ।मधेशीहरुको अधिकार खोसेर हतारमा जारी गरिएको संविधानमा धेरै त्रुटीहरु रहेको जारी गर्ने नेताहरुलेपनि स्वीकार गर्न थालेका छन् ।तर उनीहरुले संविधान संशोधन भने गर्ने पक्षमा देखिएका छैनन् ।संविधानले सबैको अधिकार सुरक्षित नगरे सम्म बिरोध जारी नै रहने छ ।संविधान संशोधन नगरि राजनीति गर्ने र संविधान संशोधनका लागि बिरोध गरेर राजनीति गर्ने दुबै पक्ष राजनीति मात्र गरिरहेका छन् ।संविधान संशोधनको मुद्दालाई लिएर तराई मधेशमा निर्णायक आन्दोलन हुन सक्छ ।तर त्यो अधार बनाउने नेताहरु नै अब कमजोर भइसकेका छन् ।संविधान संशोधनको मागलाई बहुमतमा रहने दलहरुले सँधै अस्वीकारगर्दै आएका छन् ।संविधान संशोधन गर्ने र नगर्ने बीचको विवाद धेरै दिन त चल्दैन् ।एउटा समयले यो विवादलाई निराकरण गर्ने निश्चित छ ।

# क. रानको स्मृतिमा मातृकाको अनुपस्थिति !



● रामरिझन यादव

क. सूर्यनाथ रान यादवको शहादतको चार दशक वितेको छ । आजकै दिन २०४२ साल असोज ४ गते राजविराज जेलबाट खोटाङ्ग जेल सार्ने निहूँमा पंचायती व्यवस्थाका जल्लादहरुले बेल्टारको जंगलमा उनलाई हत्या गरेका थिए । एकातिर सूर्यनाथ रान जेलबाट भाग्यो भनेर हल्ला फिजाए भने अर्कोतिर लास वेपत्ता पारे । यसलेगर्दा वर्षौवर्षसम्म अन्यौल र अनिश्चितता कायम रहियो । उनी केन्द्रीय सदस्य रहेको तत्कालीन नेकपा ( चौथो महाधिवेसन) ले पनि तथ्यगत रिपोर्ट हात पार्न सकेनन् । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात्मात्र चुरो कुरा पता लाग्यो । लगत्तै पार्टीले उनको जन्मभूमि धनुषाको चोराकोयलपुर डुमरियामा विशाल आमसभाको आयोजना गर्‍यो । जसमा उनलाई सार्वजनिक रुपमा पार्टीले शहीद घोषणा गर्‍यो । त्यो दिनदेखि आजसम्म डुमरिया चौकमा प्रत्येक वर्ष असोज ४ गते भब्यताका साथ उनको संस्मरणमा स्मृति दिवस मनाइन्छ । पार्टीका कुनै न कुनै ठूला बडा नेताको त्यहाँ उपस्थिति हुन्छ । तर, उदेक लाग्दो पक्ष के छ भने पार्टी एकतापश्चात् पनि कहिल्यै नेता मातृका प्र यादव उनको स्मृति सभामा सहभागी भएनन् । बरु उनी क. रामवृक्ष यादवको स्मृति दिवसमा प्रत्येक वर्ष नविराई पुग्छन् । यसपाली भने इतिहासमा पहिलो पटक आफ्नो नेतालाई श्रद्धान्जली दिन क. प्रचण्ड र क. माधव कु नेपाल डुमरिया आउँदै छन् । स्मरण रहोस् क. प्रचण्ड तथा क. माधव कु नेपाल जतिबेला पार्टीका सधारण सदस्य थिए त्यतिबेला क. सूर्यनाथ रान यादव केन्द्रीय नेता थिए । यो नेकपा (चौम) गठन भएको ताकाको कुरा हो ।

**कमरेडत्रय सूर्यनाथ, रामवृक्ष र मातृका :**


नेपाली क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको मूल कार्यभार जनवादी क्रान्ति सम्पन्न गर्नु थियो । अर्थात् अर्द्धसामन्ती तथा अर्द्धऔपनिवेशिक देशमा राष्ट्रिय पूजिपति वर्गसंग हातेमालो गर्दै किसान तथा मजदूर वर्गले गर्ने क्रान्तिलाई क. मायोले चीनमा जनवादी क्रान्ति नामकरण गरेका थिए भन्ने सैद्धान्तिक मान्यतलाई नेकपाले स्थापना कालदेखि नै अंगालेको थियो । तर राष्ट्रिय तथा अन्तराष्ट्रिय कारणले गर्दा कलान्तरमा पार्टी चिराचिरामा विभाजित भएपछि क्रान्तिको मूल कार्यभार नेकपा((चौम) ले बोक्यो । केही वर्षपछि नेकपा(माले) को गठन भयो । उसले झन् यस्तो उग्र रुप धारण गर्‍यो कि भोलि हुने क्रान्तिलाई आज नै सम्पन्न गर्न खोज्यो । फलस्वरुप असफल भयो । जो इतिहासमा झापाली विद्रोहको नामले चिनिन्छ । यता चौमभित्र पनि दुई लाइनको संघर्ष निरन्तर चलिरहेको अवस्था थियो । क. सूर्यनाथ रानको मतसंग क. रामबृक्ष र क. मातृका सहमत हुन सकिरहेका थिएनन् । उनीहरु निरन्तर क. सूयनाथसंग असहमत रहैकै अवस्थामा उनको गिरफ्तारी भयो र पछि हत्या पनि भयो । यस सन्दर्भमा पार्टीले जाँचबूझ आयोग पनि बनायो । निर्णय पनि सुनायो । तर, असहमतिको मुसले जडा यति झाङ्गियो कि क. मातृका प्र.यादव आजसम्म डुमरिया पुगेको छैन । आज पनि आउने सम्भावना न्यून छ । कतिसम्म भने पूर्व चौम अर्थात् पार्टी एकीकरणपश्चात् जनमोर्चाबाट आएकाहरुसंग एक आपसमा राम्रो संवाद छैन । यद्यपि तिनीहरु बर्षौदेखि एउटै पार्टीमा छन् । यसका लागि क. प्रचण्ड साधुवादका पात्र हुन् ।

**क. सूयनाथ रानको व्यक्तित्व :**

प्रायः मानिस वर्तमानमाथि बढी ध्यान दिन्छन् । अतितमाथि त्यति दिमाग दौडाउँदैन । जुन स्वभाविक पनि हो । नेपालीय क्रान्तिकारी कम्युनिष्ट आन्दोलन







मधेशका तीन सपूत क. जयगोविन्द शाह, क. सूर्यनाथ रान यादव तथा क. रामवृक्ष यादवमध्ये अहिले माट्साबको बढी चर्चा हुने गर्छन । मट्साव अर्थात् क. रामवृक्ष यादव । पार्टीले मुलुकभरि उनको स्मृति दिवस मनाउछन् । जो शौभाग्य क. जयगोविन्द तथा क. सूर्यनाथले पाएनन् । यद्यपि माट्सावभन्दा उम्दा प्रकारका नेता उनीहरु थिए । यी दुई जनासंग माट्सावको तुल्ना गर्न सकिन्न ।

क. सूर्यनाथ रान यस्तो प्रभिावान व्यक्ति थिए जसको मुखमै हिसाव हुन्थ्यो । कलम कागजको आवश्यकता पर्दैन्थ्यो । आफ्नै साथीहरुले पक्राउको जालो नबुनेको भए उनलाई कुनै पनि प्रशासनले समाउन सक्ने हैसियत थिएन । प्रहरीको घेराबाट समेत निस्कन सक्ने बुद्धि र विवेक उनीसंग पर्याप्त थिए । मिनटमै रुप बदल्ने र प्रहरीलाई चक्मा दिएर फरार हुने उनीसंग बेजोडको कला थियो ।

र, शायद त्यसैले होला जीवनमा एक पटकबाहेक उनी कहिल्यै पक्राउ परेनन् । त्यही गिरफ्तारी उनको जीवनलाई अन्त्य गर्‍यो । किनकि, उनले तत्कालीन पंचायती व्यवस्थाका सबैभन्दा ठूलो पिट्ठू र शेरे धनुषाको नामले विख्यात हेमबहादुर मल्ललाई चुनौती दिएका थिए कि तिमी एउटालाई मार्छौ भने तिम्रो दुइटा मानिसलाई माथि पठाउँछु । तत्कालीन विख्यात तर कुख्याति हेमबहादुर मल्ललाई दिइएको यही चुनौती उनको शहादतको कारण बन्यो ।

बेल्टारको जंगलमा जसरी कायतापूर्ण तरिकाले हत्या गर्‍यो त्यसले के पुष्टि गर्दछ भने सप्तरी, सिरहा र धनुषा प्रशासनको मिलोमतोमा सबै प्रकारको षड् यन्त्र रचिएको थियो । जसमा सिरहाका कृष्णचरण श्रेष्ठको नाम पनि रहेको कुरा थाहा भएको छ । सिरहा जेलबाट राजविराज र त्यहाँबाट खोटाङ्ग लाने कुरा कृष्णचरण श्रेष्ठलाई थाहा थियो । जसरी नेका नेता सरोज कोयरालाको हत्या आज मधुवनी भारतमा हुने कुरा हेमबहादुर मल्ललाई थाहा थियो ।

उनी सिरहा स्कूलबाट मैट्रिक पास गरेका थिए । उनका क्लास साथी तथा गणितका प्राध्यापक डा रामशरण महासेठका अनुसार सूर्यनाथ रान कहिल्यै घरमा पढेनन् । कक्षामा जति सुन्थे त्यही नै उनको पढाई थियो । बादबाँकी समय उनी राजनीतिलाई दिन्थे । कतिसम्म भने राजनीतिको कारण उनी एसएलसी परीक्षा पनि नदिने सोच बनाएका थिए । तर डा. महासेठले बलजबर्जस्ती दिन लगायो । एकै पटकमा पास गरे । तिनताक एसएलसीलाई फलामे ढोका भनिन्थ्यो ।

**वर्ग संघर्षका शिल्पी :**

नेपाली क्रान्तिकारी कम्युनिष्ट आन्दोलनका सबैभन्दा ठूलो वर्ग संघर्षका शिल्पी क. प्रचण्डलाई मानिएको छ । उनी दस वर्षसम्म यस्तो युद्ध हाँके जसले सिंगो नेपाललाई हल्लाई दिए । त्यो वर्ग संघर्षको उच्चतम् अभिव्यक्ति थियो ।

यस्तै प्रकारका जनयुद्धको परिकल्पना काका कमरेड सूर्यनाथ रानले गरेका थिए भन्ने कुरा आफ्नो संस्मरणमा वर्तमान संघीय सांसद माओवादी नेता श्रवण बरबरिया यादवले लाल मधेश विशेषाङ्कमा लेखेका छन् । क. श्रवण अगाडि लेख्छन् “ मैले दस वर्षसम्म जनयुद्ध लडे । तर आफ्नो काका कमरेडजस्तो योद्धा पाइन ।”

वास्तवमा जतिबेला क. सूर्यनाथ रान यादवले पूर्वि धनुषा तथा पश्चिम सिरहाको कमला नदीको भेकमा किसान मजदूरका लागि संघर्ष गरिरहेका थिए त्यतिबेला देशमा निरंकुश पंचायती व्यवस्थाको क्रुर शासन थियो । एउटा यस्तो शासन व्यवस्था जोसंग संविधान ऐन कानुन सबै थोक थियो तर राजपरिवारको कुनै पनि सदस्यमाथि त्यो संविधान प्रभावकारी हुन सक्दैनथे । यस्तो परिस्थितिमा राजतन्त्रको विरुद्ध वर्ग संघषको उद्घोष गर्नु मृत्यु बरण गर्नु हो । तर यति हुँदा हुँदै पनि क. सूर्यनाथ रान यादवले जे संघर्ष संचालन गरे त्यसको रसायन शास्त्रलाई अध्ययन गर्ने हो भने उनी यस विधाका धेरै ठूलो पारखी थिए भन्ने कुरा बुझिन्छ । चाहे त्यो सिमराढीको संघर्ष होस् वा आफ्नै गाउँ चोरा कोयलपुर ! सिमराढीमा त स्वयं हेमबहादुर मल्ल आफै सामन्तहरुको पक्षमा अगुवाई गरेका थिए । क. रानले नेतृत्व गरेका अन्य संघर्षहरुमा मतौना, चिरैया, डरखोरिया, पठेरवा, किरतपुर रहेका छन् ।

त्यस्तै चिकनाको संघर्ष उल्लेख गर्न सान्दर्भिक हुन्छ । जमिन्दारले बेचेका जमीन कसैलाई दर्ता गरेका थिएनन् । किसानहरु वर्षौवर्षदेखि अनुनयविनय गरे पनि जमिन्दारले दर्ता गर्न तयार भैरहेका थिएनन् । यसबाट पठेर्वा, वतराही,वेमरखी, हथमुण्डा, ढोलबाजा, किरतपुरलगायत कमला भेकका जनता साह्रै पीडित थिए । का. रानले यस्तो संघर्ष गरे कि जमिन्दारले तुरन्ता तुरन्त सबै जनताको जमीन पास गरे । तर त्यतिबेला सूर्यनाथ रानले आफ्नो लागि किनेको जमीन नै पास भएनन् । धेरैले भन्यो जमीन छिटोभन्दा छिटो दर्ता गराउँदा बेस हुन्छ । तर क. रानले हाँस्दा हाँस्दै भनेका थिए “कम्युनिष्टको जमीन कसले बइमानी गर्न सक्छ र ?” तर उनको यो हाँक गलत साबित भयो । केही दिनपछि उनी गिरफ्तारीमा परे । पछि मारिए । जमिन्दारले त्यो जमीन दर्ता गरेनन् । अहिले रान परिवारको बिलीबाँट भएको छ ।

**अलपत्र अस्पताल :**

क. गिरिराजमणि पोखरेल स्वास्थमंत्री भएको बेला डुमरिया चोकमा धनुषा जिल्ला अस्पताल निर्माण गर्ने प्रस्ताव पास गरे । जस अनुसार अस्पतालको निर्माण पनि भयो । तर, विगत एक दशकदेखि त्यो अलपत्र छ । न कुनै दरबन्दी छ न कुनै सुबिधा ! यसबीचमा थुप्रै पटक पार्टी सरकारमा गए तर कसैको ध्यान यहाँसम्म पुगेन । सम्भवतः यसपालीको समारोहमा क. प्रचण्ड र क. माधव नेपालको उपस्थितिको मूलकारण अस्पतालको व्यवस्थापन पनि हो ।

**निष्कर्ष :**

अनेकतालाई एकताको सूत्रमा बाँध्ने कलामा क. प्रचण्डलाई निपुन मानिन्छ । यस विधाको उनीजतिको माहिर र चालाक नेता समकालीन नेपालमा छैनन् । र, शायद त्यसैले होला संयोगले मधेश प्रदेशबाट एकमात्र संघीय संसदको सिट हात पारेका प्रचण्डले अगामि दिनमा धनुषालाई क्रान्तिभूमिको रुपमा परिभाषित गर्न डुमरिया आउँदैछन् । तर, अफसोच उनी आए पनि क. मातृकाको अनुपस्थितिले अन्तरविरोधको त्यो झिल्को समाप्त हुने छाँटकाँट देखिन्न । र, जबसम्म यो मनमुटाबलाई हल गरिन्न तबसम्म सिंगो मधेश प्रदेशमा माओबादी राजनीति प्रभावित भैरहने छन् । अस्तु ।

## लघुवित्त संस्थाको आगामी कार्यदिशाः

# मूल्य श्रृंखला, उद्यमशीलता र डिजिटल रूपान्तरण



● प्रमोदकुमार घिमिरे

नेपालमा लघुवित्त संस्थाको प्रारम्भिक उद्देश्य ग्रामीण तथा विपन्न समुदायलाई औपचारिक वित्तीय सेवाको पहुँच उपलब्ध गराउनु थियो । बैंकिङ सेवाबाट वञ्चित वर्गलाई बचत, साना कर्जा तथा वित्तीय साक्षरतामार्फत आर्थिक गतिविधिमा सहभागी गराउने यस अभियानले विगत तीन दशकमा उल्लेखनीय सफलता हासिल गरेको छ । विशेषगरी महिलाको आर्थिक सशक्तीकरण, ग्रामीण वित्तीय समावेशीकरण तथा स्वरोजगार प्रवर्द्धनमा लघुवित्त संस्थाहरूको योगदान महत्वपूर्ण रह्यो । तर विश्वव्यापी आर्थिक परिवर्तन, प्रविधिको तीव्र विकास, ग्राहकको बदलिँदो आवश्यकता तथा नेपालको आर्थिक संरचनामा आएको परिवर्तनसँगै लघुवित्त क्षेत्र पनि नयाँ मोडमा आइपुगेको छ । आजको प्रमुख प्रश्न अब “कति ऋण प्रवाह गरियो ?” भन्ने होइन, “ऋणले ग्राहकको आय, उत्पादन र जीवनस्तरमा कति परिवर्तन ल्यायो ?” भन्ने हो ।

विश्वव्यापी अभ्यासअनुसार वित्तीय समावेशीकरणको वास्तविक उद्देश्य उत्पादनशील वित्तीय समावेशीकरण हो, जहाँ ऋणले ग्राहकको दिगो आम्दानी, उद्यमशीलता र रोजगारी सिर्जनामा योगदान पुर्‍याउँछ । त्यसैले लघुवित्त संस्थाहरू केवल ऋण प्रदायक नभई उद्यम विकासका साझेदारका रूपमा रूपान्तरण हुनुपर्छ । कृषि उत्पादनदेखि प्रशोधन, भण्डारण, ढुवानी, बजारीकरण र निर्यातसम्मको मूल्य श्रृंखला वित्तीय मोडेल विकास गरी किसान, सहकारी, प्राविधिक, उद्योग र बजारलाई जोड्न आवश्यक छ । यसले ग्राहकको आम्दानी र कर्जाको गुणस्तर दुवै सुधार गर्छ । साथै, वित्तीय सेवासँगै व्यवसाय छनोट, बजार अध्ययन, व्यवसाय योजना, जोखिम व्यवस्थापन र उद्यम सञ्चालनसम्बन्धी परामर्श उपलब्ध गराएर स्वरोजगार सिर्जनालाई प्राथमिकता दिनुपर्छ ।

विश्वका सफल लघुवित्त कार्यक्रमहरूको अध्ययन गर्दा अर्को महत्वपूर्ण पक्ष सीप विकाससँग जोडिएको वित्तीय सेवा हो । बंगलादेश, भारत, फिलिपिन्स र भियतनाममा धेरै लघुवित्त संस्थाहरूले ऋणसँगै व्यवसायिक तालिम, वित्तीय साक्षरता, कृषि प्रविधि, डिजिटल सीप तथा उद्यम व्यवस्थापनसम्बन्धी सेवा उपलब्ध गराउँदै आएका छन् । अनुसन्धानहरूले देखाएका छन् कि केवल ऋण प्राप्त गरेका ग्राहकभन्दा ऋणसँगै सीप र परामर्श प्राप्त गरेका ग्राहकको व्यवसाय दिगो हुने सम्भावना उल्लेखनीय रूपमा बढी हुन्छ ।

नेपालमा पनि सिलाइ-कटाइ, खाद्य प्रशोधन, पशुपालन, आधुनिक कृषि, डिजिटल सेवा, पर्यटन, हस्तकला तथा स्थानीय स्रोतमा आधारित उद्यममा लगानी गर्ने ग्राहकलाई आवश्यक सीप र व्यवसाय विकास सेवा उपलब्ध गराउन सके लघुवित्तको सामाजिक प्रभाव धेरै गुणा बढ्न सक्छ । यसका लागि प्राविधिक तथा व्यावसायिक तालिम परिषद्, स्थानीय सरकार, कृषि अनुसन्धान केन्द्र, उद्योग तथा वाणिज्य संघ, निजी क्षेत्र र विकास साझेदारसँग सहकार्यको नयाँ मोडेल विकास गर्न सकिन्छ ।

लघुवित्त क्षेत्रको अर्को परिवर्तनकारी आयाम डिजिटल रूपान्तरण हो । विश्वभर वित्तीय सेवा तीव्र रूपमा डिजिटल माध्यममा रूपान्तरण भइरहेको छ । मोबाइल बैंकिङ, डिजिटल वालेट, क्यूआर भुक्तानी, बायोमेट्रिक प्रमाणीकरण, कृत्रिम बौद्धिकता, डेटा एनालिटिक्स तथा क्लाउड कम्प्युटिङले वित्तीय सेवाको स्वरूप नै परिवर्तन गरिरहेका छन् । नेपालमा पनि मोबाइल इन्टरनेट र डिजिटल भुक्तानीको प्रयोग तीव्र रूपमा बढिरहेको छ । यस्तो अवस्थामा लघुवित्त संस्थाहरूले पनि परम्परागत बैठक, कागजी अभिलेख र नगद कारोबारमा आधारित प्रणालीबाट डिजिटल सेवा प्रणालीतर्फ रूपान्तरण हुनैपर्छ ।

डिजिटल प्रविधिले सञ्चालन खर्च घटाउने, ग्राहक सेवा छिटो बनाउने, जोखिम विश्लेषण सुधार्ने, बहु-ऋण नियन्त्रण गर्ने तथा पारदर्शिता बढाउने महत्वपूर्ण अवसर प्रदान गर्छ । तर डिजिटल रूपान्तरणका लागि मानव स्रोत विकास, साइबर सुरक्षा, डेटा गोपनीयता, डिजिटल वित्तीय साक्षरता तथा संस्थागत सोचमा समेत परिवर्तन आवश्यक हुन्छ । डिजिटल प्रणालीमा लगानी नगर्ने लघुवित्त संस्थाहरू भविष्यमा प्रतिस्पर्धात्मक रूपमा कमजोर हुने सम्भावना बढ्दै जानेछ ।

नेपालको लघुवित्त क्षेत्रको आगामी विकासलाई केवल कर्जा विस्तारको दृष्टिकोणबाट हेर्नु अब पर्याप्त छैन । जलवायु परिवर्तन, ग्रामीण अर्थतन्त्रको पुनर्संरचना, श्रमशक्तिको वैदेशिक पलायन, डिजिटल अर्थतन्त्रको विस्तार तथा दिगो विकासका विश्वव्यापी लक्ष्यले लघुवित्तको भूमिकालाई अझ व्यापक बनाइदिएको छ । त्यसैले अबको लघुवित्त “कर्जा-केन्द्रित संस्था” बाट “विकास-केन्द्रित वित्तीय संस्था” मा रूपान्तरण हुनुपर्ने आवश्यकता स्पष्ट देखिन्छ ।

यस सन्दर्भमा हरित वित्त लघुवित्तको नयाँ कार्यक्षेत्र बन्न सक्छ । नेपालको अधिकांश ग्रामीण अर्थतन्त्र कृषि, वन, पानी तथा प्राकृतिक स्रोतमा निर्भर छ । तर जलवायु परिवर्तनका कारण कृषि उत्पादन, पशुपालन तथा ग्रामीण जीविकोपार्जनमा बढ्दो जोखिम देखिएको छ । लघुवित्त संस्थाहरूले जलवायु-अनुकूल कृषि, सौर्य ऊर्जा, बायोग्यास, सूक्ष्म सिँचाइ, वर्षा पानी सङ्कलन, जैविक खेती तथा वातावरणमैत्री उद्यममा विशेष वित्तीय उत्पादन विकास गर्न सक्ने सम्भावना छ । यसले वातावरण संरक्षणसँगै ग्रामीण आय वृद्धि र दिगो आर्थिक विकासलाई पनि बल पुर्‍याउँछ ।

यसैगरी, महिला र युवा उद्यमशीलतालाई आगामी रणनीतिक प्राथमिकताका रूपमा लिन आवश्यक छ । नेपालको लघुवित्त क्षेत्रको सबैभन्दा ठूलो उपलब्धि महिलाको वित्तीय पहुँच विस्तार हो । तर अब महिलालाई केवल ऋणीका रूपमा नभई उद्यमी, रोजगारदाता र स्थानीय आर्थिक नेतृत्वकर्ताका रूपमा विकास गर्ने लक्ष्य राख्नुपर्छ । महिला उद्यमका लागि व्यवसाय परामर्श, डिजिटल बजार पहुँच, ब्रान्डिङ, वित्तीय व्यवस्थापन तथा बजारसँग जोड्ने कार्यक्रम सञ्चालन गर्न सके लघुवित्तको सामाजिक प्रभाव उल्लेखनीय रूपमा विस्तार हुन सक्छ ।

> लघुवित्त क्षेत्रको अर्को परिवर्तनकारी आयाम डिजिटल रूपान्तरण हो । विश्वभर वित्तीय सेवा तीव्र रूपमा डिजिटल माध्यममा रूपान्तरण भइरहेको छ । मोबाइल बैंकिङ, डिजिटल वालेट, क्यूआर भुक्तानी, बायोमेट्रिक प्रमाणीकरण, कृत्रिम बौद्धिकता, डेटा एनालिटिक्स तथा क्लाउड कम्प्युटिङलेवित्तीय सेवाको स्वरूप नै परिवर्तन गरिरहेका छन् ।

युवाहरूका लागि पनि लघुवित्तले नयाँ दृष्टिकोण अपनाउनुपर्ने देखिन्छ । वैदेशिक रोजगारीबाट फर्किएका युवा, कृषि क्षेत्रमा नवप्रवर्तन गर्न चाहने स्नातक, सूचना प्रविधिमा आधारित स्टार्टअप, पर्यटन, हस्तकला तथा सेवा क्षेत्रमा उद्यम गर्न चाहने युवालाई लक्षित विशेष वित्तीय उत्पादन, परामर्श र व्यावसायिक नेटवर्किङ आवश्यक छ । यसले लघुवित्तलाई ग्रामीण विकासको मात्र होइन, स्थानीय उद्यम विकासको प्रमुख साझेदार बनाउनेछ ।

आज विश्वभर वित्तीय संस्थाहरू वातावरणीय, सामाजिक र सुशासन अवधारणालाई आफ्नो व्यवसायिक रणनीतिसँग जोडिरहेका छन् । नेपालका लघुवित्त संस्थाहरूले पनि वातावरणीय उत्तरदायित्व, सामाजिक समावेशिता र संस्थागत सुशासनलाई आफ्नो दीर्घकालीन रणनीतिमा समावेश गर्नुपर्ने समय आएको छ । भविष्यमा लगानीकर्ता, विकास साझेदार तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले पनि वातावरणीय, सामाजिक र सुशासन मापदण्डलाई बढ्दो प्राथमिकता दिने निश्चित छ । त्यसैले यस दिशामा समयमै तयारी गर्नु लघुवित्त क्षेत्रका लागि रणनीतिक आवश्यकता हो ।

डिजिटल रूपान्तरणको अर्को महत्वपूर्ण पक्ष डेटामा आधारित निर्णय प्रणाली हो । विगतमा अधिकांश निर्णय अनुभव र अनुमानका आधारमा हुने गर्थे । अब ग्राहकको आम्दानी, कारोबार, बचत व्यवहार, भुक्तानी इतिहास, व्यवसायको सम्भाव्यता तथा बजार प्रवृत्तिको विश्लेषणका आधारमा कर्जा निर्णय गर्नुपर्ने आवश्यकता बढेको छ । कृत्रिम बौद्धिकता, डेटा एनालिटिक्स तथा डिजिटल ग्राहक प्रोफाइलिङको प्रयोगले जोखिम न्यूनीकरण, सेवा गुणस्तर सुधार तथा सञ्चालन लागत नियन्त्रणमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्छ ।

यससँगै डिजिटल वित्तीय साक्षरता पनि उत्तिकै आवश्यक छ । ग्राहकले डिजिटल सेवा प्रयोग गर्न नसके प्रविधिमा गरिएको लगानी प्रभावकारी हुँदैन । त्यसैले मोबाइल बैंकिङ, डिजिटल भुक्तानी, साइबर सुरक्षासम्बन्धी सचेतना तथा डिजिटल वित्तीय व्यवहारलाई लघुवित्त संस्थाको नियमित कार्यक्रम बनाइनुपर्छ । डिजिटल समावेशीकरण बिना भविष्यको वित्तीय समावेशीकरण पूर्ण हुन सक्दैन ।

अर्को महत्वपूर्ण कार्यदिशा साझेदारीमा आधारित विकास हो । अब कुनै एक संस्थाले मात्र ग्राहकको आर्थिक रूपान्तरण सम्भव बनाउन सक्दैन । लघुवित्त संस्थाहरूले स्थानीय सरकार, सहकारी संस्था, कृषि अनुसन्धान केन्द्र, प्राविधिक तालिम प्रदायक, उद्योग-वाणिज्य संघ, विश्वविद्यालय, निजी क्षेत्र तथा डिजिटल सेवा प्रदायकसँग सहकार्य गर्दै एकीकृत ग्रामीण विकास मोडेल विकास गर्नुपर्ने आवश्यकता छ । यस्तो सहकार्यले वित्तीय सेवा, प्राविधिक ज्ञान, बजार पहुँच, उत्पादन प्रवर्द्धन र उद्यम विकासलाई एउटै प्रणालीमा जोड्न सक्छ ।

यस्तै, प्रभाव-आधारित मूल्याङ्कनको अभ्यासलाई पनि संस्थागत बनाउन आवश्यक छ । अब लघुवित्त संस्थाको सफलताको मापन केवल कर्जा पोर्टफोलियो, नाफा वा ग्राहक संख्याबाट होइन; ग्राहकको आयमा भएको वृद्धि, सिर्जित रोजगारी, गरिबी न्यूनीकरण, महिला नेतृत्व विकास, दिगो उद्यमको संख्या तथा स्थानीय आर्थिक गतिविधिमा परेको प्रभावबाट गरिनुपर्छ । सामाजिक प्रभाव मापन गर्ने सूचकहरूलाई वार्षिक प्रतिवेदन र संस्थागत रणनीतिमा समावेश गर्नुपर्ने समय आएको छ ।

नेपालको लघुवित्त क्षेत्रले वित्तीय समावेशीकरणको पहिलो चरण सफलतापूर्वक पार गरिसकेको छ । अब दोस्रो चरणको सुधारमा प्रवेश गर्ने समय आएको छ । आगामी दशकमा सफल हुने लघुवित्त संस्था ती हुनेछन्, जसले ऋण वितरणलाई अन्तिम लक्ष्य होइन, ग्राहकको आर्थिक रूपान्तरणको माध्यम बनाउनेछन् । मूल्य श्रृंखलामा आधारित लगानी, सीप विकाससँग जोडिएको वित्तीय सेवा, डिजिटल प्रविधिको प्रभावकारी उपयोग, हरित वित्त, युवा तथा महिला उद्यमशीलताको प्रवर्द्धन र संस्थागत नवप्रवर्तनलाई आत्मसात् गर्न सक्ने संस्थाहरूले मात्र बदलिँदो आर्थिक परिवेशमा आफ्नो सान्दर्भिकता कायम राख्न सक्नेछन् ।

नेपालको ग्रामीण अर्थतन्त्र आज रूपान्तरणको चरणमा छ । यस रूपान्तरणको विश्वसनीय साझेदारका रूपमा लघुवित्त संस्थाहरूले आफ्नो परम्परागत भूमिकाभन्दा धेरै फराकिलो सोच, नवीन व्यवसायिक मोडेल र परिणाममुखी रणनीति अपनाउन सके भने उनीहरू केवल वित्तीय सेवा प्रदायकमा सीमित रहने छैनन्; स्थानीय आर्थिक विकास, उद्यमशीलता प्रवर्द्धन, रोजगारी सिर्जना र समावेशी समृद्धिका प्रमुख उत्प्रेरकका रूपमा स्थापित हुनेछन् । ग्राहकको आर्थिक रूपान्तरणलाई व्यवसायिक सफलताको मुख्य सूचक बनाउने लगायतका बित्तीय तथा गैर-बित्तीय रुपान्तरणका लागि आगामी कार्यदिशा तय गर्न अपरिहार्य भएको छ । यही नै नेपालको लघुवित्त क्षेत्रको आगामी कार्यदिशा र दिगो भविष्यको आधार हो ।

# संविधानको अक्षर र भावना दुवैप्रति सरकार पूर्ण प्रतिबद्ध छः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले संविधानको अक्षर र भावना दुवैप्रति सरकार पूर्ण प्रतिबद्ध रहेको बताउनुभएको छ ।

संविधान दिवसका अवसरमा संविधान दिवस मूल समारोहमा समितिले शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले शहीदका रगतले लेखिएको संविधान, हामी कामले पूरा गर्छौं भन्नुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, "संविधानप्रतिको निष्ठा र यसको पालनामा हामी पूर्ण प्रतिबद्ध छौं, म यो बाचा आज फेरि दोहोऱ्याउँछु । संविधान जारी भएको दिन हरेक वर्ष आउँछ तर संविधान पूरा हुने दिन हामीले आफैं ल्याउनुपर्छ, हरेक इमानदार निर्णयबाट, हरेक पारदर्शी नियुक्तिबाट, नागरिकको घरदैलोमा पुग्ने हरेक सेवाबाट ।"

जनताले सुशासन, विकास, समृद्धि र सामाजिक न्याय मागेका बताउँदै उहाँले सरकारको हरेक कदम त्यही आकाङ्क्षातर्फ केन्द्रित रहेको र रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री शाहले प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्र, मानव अधिकार र कानूनी राज्य हाम्रा लागि सर्तहरू नभइ हाम्रो राष्ट्रिय जीवनको आधार भएका बताउनुभयो ।

उहाँले भन्नुभयो, "यस संविधानले नेपाली जनतासँग एउटा वाचा गरेको छ, विविधताबीचको एकता, सबै प्रकारका विभेद र असमानताको अन्त्य, विकास, समृद्धि एवं सामाजिक न्यायका आधारमा समतामूलक समाजको निर्माण हो । एउटा कुरा हामीले कहिल्यै बिर्सनु हुँदैन । संविधान जति राम्रो भए पनि, त्यसलाई चलाउने हात इमानदार र अनवरत क्रियाशील भएनन् भने त्यो कागजको खोस्टो बन्छ ।"

प्रधानमन्त्री शाहले भन्नुभयो, "यो सुरुवात हो, अन्त्य होइन । भ्रष्टाचार र दण्डहीनताको जरो गहिरो छ । तर त्यो जरो उखेल्ने हातहरू अब झन् बलिया छन्, झन् धेरै छन् । विकासका लागि सुशासन अनिवार्य पूर्वशर्त हो भन्ने कुरामा सरकार सचेत छ ।"

वर्तमान सरकारले सुशासन कायम गर्न प्रशासनिक संरचनाको उपयुक्त आकार निर्धारण, भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता, प्रशासन यन्त्रमा राजनीतिक तटस्थता र सरकारी एवं सार्वजनिक पदमा योग्यतामा आधारित नियुक्ति प्रक्रिया अवलम्बन गरेको उहाँको भनाइ थियो ।

"सुशासन नारा होइन, काम हो, हामी काम गरिरहेका छौ । सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा राष्ट्र विकासको साझा उद्देश्य प्राप्त गर्न सङ्घीय सरकार प्रतिबद्ध छ", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री शाहले आफूहरु पुरानै बाटो मात्र नहिँड्ने उल्लेख गर्दै कृत्रिम बुद्धिमता, डिजिटल प्रविधि र साइबर सुरक्षालाई सँगै लिएर, नवप्रवर्तन र नवउद्यमलाई अगाडि राखेर, ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गरिने बताउनुभयो । डिजिटल सुशासन कार्ययोजनाअनुसारको राष्ट्रिय डिजिटल पूर्वाधार त्यसैको जग भएको उल्लेख गर्दै प्रधानमन्त्रीले युवाले सडकमा मागेको सुशासन प्रविधिबाट पनि सुनिश्चित गरिने प्रतिबद्धता जनाउनुभयो ।

प्रधानमन्त्री शाहले भोटेकोशी बाढीबाट भएको क्षति हाम्रा लागि अकल्पनीय र अपुरणीय भएको आजको यस विशेष घडीमा विपद् व्यवस्थापन एवं उद्धारमा सहयोग गरेका सबै मित्रराष्ट्र, अन्तरराष्ट्रिय समुदाय एवं संघसंस्था, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, आम नागरिक तथा देशवासीप्रति आभार प्रकट गर्नुभयो ।

"धन्यवाद मात्र पर्याप्त छैन । नेपाल विश्वका विपद् उच्च जोखिम भएका मुलुकहरूको सूचीमा छ । यो तथ्यलाई हामी विपद् आइसकेपछि होइन, आउनुअघि नै सामना गर्छौं। जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यमा विशेष जोड दिइनेछ । विपद्को पूर्वसूचना प्रणाली सर्वोच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री शाहले नेपालको राजनीतिक व्यवस्थाको परिवर्तन र सुशासनको मागगरी गरिएका आन्दोलनमा आफ्नो ज्यान आहुती गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरू तथा ऐतिहासिक जेनजी आन्दोलनमा सहादत प्राप्त गर्नुभएका जेनजी सुशासन योद्धाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुभयो । साथै उहाँले भोटेकोशी बाढीमा जीवन गुमाएका सबै स्वदेशी तथा विदेशी नागरिकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा समवदेना र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो । रासस

# असहमतिलाई सम्मान गर्न सकिए संविधानका सङ्कल्प पूरा हुन्छन् : राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले असहमतिहरूलाई सम्मानसहित आलोचनाबाट सिक्दै राज्यलाई जनताप्रति सकिए संविधानले स्थापित गर्न चाहेका सङ्कल्पहरू पूरा हुने बताउनुभएको छ ।

संविधान दिवस (राष्ट्रिय दिवस) २०८३ का अवसरमा राष्ट्रपति कार्यालयमा शनिबार आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले अनेकौं सङ्घर्ष र बलिदानबाट प्राप्त संविधान बमोजिम नेपालीले न्याय, सम्मान र सुरक्षित भविष्यका लागि आफ्नो राज्यसँग याचना गर्नुपर्ने अवस्था आउन नहुनेमा जोड दिनुभयो ।

"राजनीतिक परिवर्तनलाई नागरिकको जीवनमा जोड्न हामीलाई व्यवहारमै सुशासन र उत्कृष्ट सेवा प्रवाह आवश्यक छ, जसले नागरिकमा आशा जगाउन सकोस् नागरिकलाई निराशामा राखेर न त कुनै राज्य सफल हुन्छ न त व्यवस्था, किनभने, हामी सबैले बुझ्नुपर्छ शासकीय संरचनामा आउने परिवर्तनहरूले मात्र युगका अपेक्षाहरू पूरा हुँदैनन्", राष्ट्रपति पौडेलले भन्नुभयो, "संविधान कागजमा लेखिएका शब्द वा वाक्य सङ्ग्रहको लिखित दस्तावेज मात्र होइन यो नागरिकका सपना, आशा, अपेक्षा र अधिकारको साझा प्रतिज्ञा पनि हो । यसको महत्त्व त्यतिबेला प्रकट हुन्छ, जब राज्य नागरिकको आर्तनादसँगै उभिन्छ, सरकार नागरिकको सेवक बन्छ, न्याय राज्यको मूल ध्येय बन्छ र कुनै नेपालीले आफ्नै देशमा आफूलाई एक्लो र पराया अनुभूत गर्नुपर्दैन संविधान दिवसले सबै राजनीतिक दल, नेतृत्व, सरकार र सम्पूर्ण राज्यसत्तालाई अझ लोकतान्त्रिक, न्यायपूर्ण र परिणाममुखी बनाउने दायित्वबोध गराउनेछ भन्ने मैले विश्वास लिएको ।"

उहाँले देशको मूल कानुन संविधानप्रति उच्च आदरका साथ त्यसले लिपिबद्ध गरेका वाचा र कबुललाई आमजनताको जीवनमा स्थापित सक्नुपर्नेमा जोड दिँदै प्राकृतिक विपत्तिले विकास केवल सडक, पुल र भवन होइन मानिसको जीवन, जीविका र भविष्यको सुरक्षा पनि हो भन्ने सोच्नुपर्ने बताउनुभयो ।

राष्ट्रपति पौडेलले संविधानमा अन्तर्निहित लोकतान्त्रिक राज्यप्रणाली जनताको सर्वोपरि हितमा जोडिएकाले अब जलवायु परिवर्तनका चुनौतीबीच हाम्रा विकासका ढाँचाहरू अझ मानवीय, न्यायपूर्ण र प्रकृतिमैत्री बन्नुपर्छ भन्ने धारणा व्यक्त गर्नुभयो ।

"मुलुकको संवैधानिक विकासक्रममा यस जननिर्मित संविधानले हामीलाई लोकतन्त्र दिएको छ, हामीले इतिहासमै सबैभन्दा धेरै स्वतन्त्रता र सम्मान प्राप्त गरेका छौं, यो संविधानले हामीलाई प्रदेशहरू दिएको छ, हामीले आफ्नो प्रदेशलाई शान्त, भव्य र व्यवस्थित बनाउने अवसर प्राप्त गरेका छौं, एकात्मक र केन्द्रीकृत शासनप्रणालीको बदलामा प्राप्त सङ्घीयता हाम्रा लागि संविधानले दिएको महत्वपूर्ण उपहार हो", राष्ट्रपति पौडेलले भन्नुभयो ।

राष्ट्रपति पौडेलले यो संविधानले बहुलवादमा आधारित समावेशी नेपाल बनाउने अवसर दिएको छ, हामीले यो संविधानमार्फत राज्यको शासकीय संरचनालाई नयाँ ढङ्गले स्थापित गरिएकाले संविधानले प्रदान गरेका यी महान् उपलब्धिका जगमा नै हाम्रो भविष्यको सुखद यात्रा सुनिश्चित हुन्छ विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रपति पौडेलले नेपालको संवैधानिक इतिहासमा आफूले निर्वाचित गरेका जनप्रतिनिधिमार्फत आफ्नो संविधान आफैं लेख्ने नेपाली जनताको सात दशकभन्दा बढी लामो आन्दोलन, त्याग र बलिदानबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको आज ११ वर्ष पूरा भएको अवसरमा आफ्नो जीवन आहुति दिने सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त पनि गर्नुभएको छ । रासस

# संविधान दिवसमा एमालेद्वारा विशेष समारोह




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले संविधान दिवस, २०८३ का अवसरमा शनिबार ललितपुरको च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा विशेष समारोह आयोजना गरेको छ ।

समारोहलाई सम्बोधन गर्दै एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले संविधानको रक्षा, कार्यान्वयन र जनताको हितका लागि पार्टी निरन्तर क्रियाशील रहने बताउनुभयो । उहाँले मुलुकको लोकतान्त्रिक व्यवस्था र संविधानलाई सुदृढ बनाउँदै जनताका पक्षमा काम गर्न पार्टी प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

अध्यक्ष ओलीले संविधान र लोकतान्त्रिक मूल्यमान्यताका पक्षमा एमाले दृढतापूर्वक उभिने बताउनुभयो । जनताको अधिकार, राष्ट्रिय हित र मुलुकको समृद्धिका लागि पार्टीले आफ्नो जिम्मेवारी निरन्तर निर्वाह गर्ने उहाँको भनाइ थियो ।

उहाँले संविधान दिवसलाई संविधान निर्माणमा योगदान पुर्याउने सबैप्रति सम्मान व्यक्त गर्ने तथा संविधानका उपलब्धिको संरक्षण र प्रभावकारी कार्यान्वयनका लागि प्रतिबद्धता व्यक्त गर्ने अवसरका रूपमा लिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा संविधानको मर्म र भावनाअनुसार राष्ट्रिय एकता, लोकतन्त्र, सुशासन र सामाजिक न्यायलाई थप सुदृढ बनाउँदै अघि बढ्नुपर्नेमा जोड दिइएको थियो ।

अध्यक्ष ओलीले पार्टीभित्र पुनःगठन, रुपान्तरणलगायत विषयमा देखिएका सवालमा यही असोज ६ र ७ गते बस्ने केन्द्रीय कमिटीले निर्णय गर्ने जनाउँदै बाहिर चर्चा गरिएजस्तो अन्तरकहल नरहेको जिकिर गर्नुभयो ।

समारोहमा एमालेका उपाध्यक्ष विष्णुप्रसादपौडेल,एमालेकामहासचिव शङ्कर पोखरेलसहित पदाधिकारी, सांसदहरू, केन्द्रीय सदस्य, जनप्रतिनिधि, पार्टीका विभिन्न जनसङ्गठनका प्रतिनिधि तथा नेताकार्यकर्ताको सहभागिता थियो ।

एमालेले शनिबार प्रदेश, जिल्ला तथा पालिका कमिटीलाई पत्राचार गर्दै असोज ३ गते पर्ने संविधान दिवसका अवसरमा विगतका वर्षमा झैं यस वर्ष पनि विभिन्न रचनात्मक कार्यक्रम आयोजना गर्न निर्देशन दिएको थियो ।रासस

# दाहालद्वारा संविधान दिवसको शुभकामना

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधानसभाबाट जारी संविधानका उपलब्धिलाई जनताको जीवनसँग जोड्नु र बाँकी कार्यभार पूरा गर्नु आजको मुख्य दायित्व भएको बताउनुभएको छ ।




संविधान दिवस २०८३का अवसरमाशनिबार शुभकामना दिँदै उहाँले संविधानले परिकल्पना गरेको वास्तविक परिवर्तन पूरा गर्न सबैको एकताबद्ध प्रयास आवश्यक रहेको बताउनुभयो ।

संविधान, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र जनताले प्राप्त गरेका अधिकारलाई पछाडि फर्काउने प्रयत्न स्वीकार्य नभएको उल्लेख गर्दै संयोजक दाहालले संविधानका मूल्य र जनअधिकारलाई कमजोर पार्ने गतिविधिविरुद्ध लोकतान्त्रिक शक्तिहरू एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

"राजनीतिक परिवर्तनलाई आर्थिक-सामाजिक रूपान्तरणसँग जोड्दै शिक्षा, स्वास्थ्य, रोजगारी, उत्पादन र समान अवसरमा सबै नागरिकको पहुँच सुनिश्चित गर्नुपर्छ । संविधानका अक्षर मात्र होइन,यसको आत्मालाई जनताको दैनिक जीवनमा अनुभूत हुने गरी कार्यान्वयन गर्नुपर्छ", संयोजक दाहालद्वारा जारी शुभकामना सन्देशमा भनिएको छ ।

उहाँले संविधान केवल एउटा कानुनी दस्तावेज नभई नेपाली जनताको त्याग र बलिदानबाट प्राप्त ऐतिहासिक राजनीतिक उपलब्धिको संस्थागत अभिव्यक्ति भएको बताउनुभयो । रासस

# पूर्वअध्यक्ष रेग्मीद्वारा संविधान दिवसको शुभकामना



काठमाण्डु । मन्त्रिपरिषद् का पूर्वअध्यक्ष खिलराज रेग्मीले कठिन परिस्थितिमा पनि राष्ट्रिय एकता, हातेमालो र एकजुट भई विकास र समृद्धितर्फ लम्किनु हाम्रो राष्ट्रिय लक्ष्य र संवैधानिक मार्गचित्र भएको बताउनुभएको छ ।

संविधान दिवस २०८३ का अवसरमा शनिबार शुभकामना दिँदै उहाँले समयको मागअनुसार संविधानको सम्वर्द्धन गर्नु समयोचित हुने बताउनुभयो । पूर्वअध्यक्ष रेग्मीले लामो सङ्घर्ष, विभिन्न समयका जनआन्दोलनको उपलब्धिस्वरूपसंविधानसभाबाट २०७२ सालमा नेपाली जनताले आफ्नो संविधान आफैँ बनाउन सफल भएको स्मरण गर्नुभयो ।

पहाडी मुलुक-भूकम्पीय जोखिम, बाढी पहिरो, जलवायु परिवर्तनको असर हाम्रा जीवनका प्राकृतिक चुनौती भएको उल्लेख गर्दै पूर्वअध्यक्ष रेग्मीले संविधान दिवसले प्राकृतिक विपद्को सामना गर्न एक जुट भई अघि बढ्ने सामर्थ्य प्राप्त होस् भनी कामना गर्नुभयो ।

हालैको भोटेकोशी बाढीले ठूलो धनजनको क्षति भएकामा दुःख व्यक्त गर्दै उहाँले हजारौँ मानिस बेपत्ता भएको घटनालेसबैलाईमर्माहततुल्याएको बताउनुभयो । "यसपटकको रसुवा बाढी अत्यधिक वर्षाको कारण नभई हिमपहिरोका कारण भएको र त्यसलाई जलवायु परिवर्तनको असर मानिन्छ", पूर्वप्रधानन्यायाधीश रेग्मीले भन्नुभएको छ, "जोसँग जुध्ने र क्षति बेहोर्ने हामीसँगको क्षमताले पुग्दैन । त्यसैले हामीलाई जलवायु न्याय चाहिएको छ, क्षतिपूर्ति चाहिएको छ ।"


जलवायु न्यायका लागि नेपाललाई अन्तरराष्ट्रिय सहयोग अनिवार्य आवश्यकता बनेको उल्लेख गर्दै उहाँले यसका लागि संयुक्त राष्ट्रसङ्घले महत्वपूर्ण भूमिका खेलिदिनुपर्नेमा जोड दिनुभयो । उहाँले दीर्घकालीन रूपमा यस्ता विपत्तिको सामना गर्ने आफ्नै सामर्थ्य र क्षमता बढाउँदै जानुपर्नेमा पनि जोड दिनुभएको छ ।

वर्तमान विपत्तिको सामना गर्न सरकारको प्रयासमा साथ दिँदै हिमाल, पहाड, तराई, निजी र सार्वजनिक क्षेत्र तथा व्यक्ति र संस्था एकजुट भएको स्मरण गर्दै उहाँले यसबाट नेपालीको मौलिक स्वभाव र चरित्र प्रदर्शन भएको बताउनुभयो । रासस

# भोटेकोशी बाढी अध्ययन गर्न समिति गठन: बाढीको उद्‍गम स्थलदेखि तटीय क्षेत्रको स्थलगत अध्ययन गरिने

काठमाण्डु । सरकारले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको अध्ययन गर्न वैज्ञानिक समिति गठन गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार सो समितिले भोटेकोशी बाढी वैज्ञानिक आधार र प्रमाण संकलनका साथै नाम पनि टुंग्याउने छ । मन्त्रालयअन्तर्गत जल तथा ऊर्जा आयोगको सचिवालयले प्रारम्भिक रूपमा गरेको अध्ययनमा विभिन्न नामहरू छलफलमा आएको जनाएको छ ।

आयोग सचिवालयका सहसचिव टिका बरालकाअनुसार छलफलमा 'ग्लेसियर रक एभलेन्च', 'आइस रक एभलेन्च/ल्याण्ड स्लाइड', रसुवा भोटेकोशी महाविपत लगायत नामहरू आएका छन् । "यो विश्वमै दुर्लभ घटना हो । यसको विस्तृत अध्ययन नगरी निचोडमा पुग्न सकिँदैन । यो जलवायु विपद्को सबै वैज्ञानिक आधार र प्रमाणहरू संकलन गरिसकेपछि उपयुक्त नामाकरण गरिनेछ", उहाँले भन्नुभयो । मन्त्रालयले वैज्ञानिक आधार र प्रमाणहरू संकलन गर्न बुधबार जल नीति तथा सुशासन विज्ञ देवेश बेल्बासेको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरेको थियो । मन्त्रालयका



प्रवक्ता मोहनकुमार शाक्यकाअनुसार समितिमा जलविद् (हाइड्रोलोजिस्ट) डा नरेन्द्रमान शाक्य, ग्लेसियोलोजिस्ट डा. रिजनभक्त कायस्थ, रिमोट सेन्सिङ विशेषज्ञ डा. उत्तमबाबु श्रेष्ठ, भुगर्भविद् (जियोलोजिस्ट) डा मेघराज धिताल, जलविद्युत् पूर्वाधार विज्ञ डा. हरि पण्डित, विपद् जोखिम न्युनीकरण विज्ञ अनिल पोखरेल सदस्य रहेका छन् ।

समितिले बाढीको उद्‍गम स्थलदेखि सम्पूर्ण तटीय क्षेत्र पुगेर स्थलगत अध्ययन गर्ने मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले विनाशकारी बाढीको उत्पत्ति तथा त्यससँग जोडिएका हिमाली भू-जोखिमको वास्तविक कारण, घटनाक्रम र जलवायु परिवर्तनको सम्भावित भूमिकाबारे वैज्ञानिक अध्ययन गर्न लागेको हो ।

प्रवक्ता शाक्यकाअनुसार रसुवा विनाशकारी बाढीलाई केवल सामान्य बाढी वा अतिवृष्टिको रूपमा नभई उच्च हिमाली क्षेत्रमा उत्पन्न भएका विभिन्न भौगोलिक, हिमनदीय, जलविज्ञानसम्बन्धी तथा अन्य जोखिमहरू एकपछि अर्को रूपमा जोडिँदै विकसित भएको सम्भावित 'श्रृङ्खलाबद्ध विपद्' का रूपमा अध्ययन गर्नुपर्ने जल तथा ऊर्जा आयोगको सचिवालयको प्रस्तावअनुसार मन्त्रालयले वैज्ञानिक अध्ययन गर्ने निर्णयमा पुगेको हो ।

यसअघि जल तथा ऊर्जा आयोगको सचिवालयअन्तर्गतको जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले प्रारम्भिक अध्ययन गरेको थियो । प्रारम्भिक अध्ययनमा हालसम्म भोटेकोशी बाढी घटनाको उत्पत्ति कहाँबाट भयो, कुन भौतिक प्रक्रियाबाट विपद् सुरु भयो र ती प्रक्रिया कसरी भोटेकोशी-ल्हेन्दे नदी प्रणाली हुँदै तल्लो क्षेत्रमा फैलियो भन्ने विषयमा पर्याप्त रूपमा प्रमाणीकरण भएको वैज्ञानिक प्रमाण भेटिएको छैन । त्यसैले जलवायु परिवर्तनलाई घटनाको कारणका रूपमा निष्कर्ष निकाल्नुअघि सम्पूर्ण घटनाक्रमको वैज्ञानिक अध्ययन आवश्यक रहेको सुझाव केन्द्रले दिएको थियो ।

अब समष्टिगतरूपमा भुगर्भ, तापक्रम र पानीको समग्र अध्ययन हुन लागेको हो । भोटेकोशीमा आएको बाढीले त्रिशूली करिडोर प्रभावित भएजस्तै यस्तो विपद् अरू नदी प्रणालीमा आउँदा ऊर्जा मन्त्रालयको विभिन्न पूर्वाधारमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले अध्ययनका लागि मन्त्रालयले यो अग्रसरता लिएको प्रवक्ता शाक्यले जानकारी दिनुभयो । उहाँका अनुसार रसुवा बाढीबाट ऊर्जा पूर्वाधारमा पुगेको क्षतिबाट पाठ सिकेर दिर्घकालीन रूपमा कसरी पूर्वतयारी गर्ने, जलविद्युत् उत्थनशीलता (जलवायु परिवर्तन, बाढी, खडेरी वा अन्य प्राकृतिक प्रकोपहरूसँग जुध्न र संकटापन्न अवस्थामा पनि निरन्तर बिजुली उत्पादन गरिरहन सक्ने जलविद्युत् क्षमता) कसरी कायम गर्ने भन्ने पनि अध्ययन हुने बताइएको छ । रासस

# चीनमा विदेशी लगानीको स्वरूप बदलिँदै, उच्च प्रविधिमा तीव्र वृद्धि

सिन्ह्वा

बेइजिङ । चीनमा चालु वर्षको पहिलो आठ महिनामा समग्र विदेशी प्रत्यक्ष लगानी घटेको भए पनि उच्च प्रविधिसँग सम्बन्धित उद्योगमा विदेशी लगानी उल्लेख्य रूपमा बढेको सरकारी तथ्यांकले देखाएको छ।

चीनको वाणिज्य मन्त्रालयका अनुसार जनवरीदेखि अगस्टसम्म उच्च प्रविधि उद्योगमा वास्तविक रूपमा प्रयोग भएको विदेशी प्रत्यक्ष लगानी ३५.१ प्रतिशतले बढेर २०० अर्ब २६ करोड युआन पुगेको छ। यो रकम करिब २९ अर्ब ६६ करोड अमेरिकी डलर बराबर हो।

उच्च प्रविधि क्षेत्रमा भएको लगानी चीनमा यस अवधिमा भित्रिएको कुल विदेशी प्रत्यक्ष लगानीको ४१.७ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिको तुलनामा यसको हिस्सा १२.४ प्रतिशत बिन्दुले बढेको मन्त्रालयले जनाएको छ।

**नयाँ विदेशी लगानी भएका उद्यम बढे**

पहिलो आठ महिनामा चीनमा ४२ हजार ५८२ वटा नयाँ विदेशी लगानी भएका उद्यम स्थापना भएका छन्। यो संख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.३ प्रतिशतले बढी हो।

तर, चीनमा वास्तविक रूपमा प्रयोग भएको कुल विदेशी प्रत्यक्ष लगानी भने ४७९ अर्ब ९५ करोड युआन रहेको छ। यो अघिल्लो वर्षको तुलनामा ५.३ प्रतिशतले कम हो।

यसले चीनमा समग्र विदेशी लगानीको प्रवाह केही कमजोर भए पनि उच्च प्रविधि, अनुसन्धान तथा विकास र उन्नत उत्पादनजस्ता क्षेत्रमा विदेशी लगानीकर्ताको चासो बढिरहेको देखाएको छ।

**सेवा क्षेत्रमा सबैभन्दा बढी लगानी**

क्षेत्रगत रूपमा हेर्दा पहिलो आठ महिनामा चीनको उत्पादन उद्योगमा ११९ अर्ब ५५ करोड युआन विदेशी लगानी भित्रिएको छ। सेवा क्षेत्रमा भने ३५० अर्ब ४२ करोड युआन विदेशी लगानी आएको छ।

उच्च प्रविधिसँग सम्बन्धित विभिन्न क्षेत्रमा लगानी वृद्धि अझ तीव्र देखिएको छ। अनुसन्धान तथा विकास र डिजाइनसम्बन्धी सेवामा विदेशी लगानी ७४ प्रतिशतले बढेको छ।

त्यस्तै, वैज्ञानिक तथा प्राविधिक उपलब्धिको व्यावसायीकरणसँग सम्बन्धित




सेवामा लगानी ६४.२ प्रतिशतले र विद्युतीय तथा दूरसञ्चार उपकरण उत्पादन क्षेत्रमा ४१.९ प्रतिशतले वृद्धि भएको छ।

**लागतबाट नवप्रवर्तनतर्फ चीनको आकर्षण**

केन्द्रीय वित्त तथा अर्थशास्त्र विश्वविद्यालयअन्तर्गत अन्तर्राष्ट्रिय लगानी अनुसन्धान केन्द्रका निर्देशक चाङ सियाओथाओका अनुसार उच्च प्रविधि क्षेत्रमा विदेशी लगानी आकर्षित गर्ने चीनको बढ्दो क्षमताले विश्वव्यापी पुँजीका लागि चीनको आकर्षणको आधार परिवर्तन भइरहेको संकेत गर्छ।

उहाँका अनुसार चीनको आकर्षण पहिले मुख्यतः कम लागतमा आधारित थियो भने अहिले नवप्रवर्तन र प्रविधिमा आधारित बन्दै गएको छ।

उच्चस्तरीय अनुसन्धान तथा विकास जनशक्ति, विकसित औद्योगिक पूर्वाधार, व्यवस्थित आपूर्ति शृंखला तथा उदीयमान उद्योगको विकासका लागि चीनले अघि सारेका कार्यक्रमले विदेशी लगानी आकर्षित गर्न महत्वपूर्ण भूमिका खेलेको उहाँको भनाइ छ।

**उन्नत उत्पादनलाई रणनीतिक प्राथमिकता**

बेइजिङमा बुधबार र बिहीबार आयोजित उन्नत उत्पादनसम्बन्धी राष्ट्रिय सम्मेलनले चीनले उन्नत उत्पादन क्षेत्रको विकासलाई प्रमुख रणनीतिक कार्यका रूपमा अघि बढाउनुपर्नेमा जोड दिएको छ।

सम्मेलनले नयाँ पुस्ताको बुद्धिमत्तायुक्त उत्पादनलाई प्रमुख दिशाका रूपमा अघि बढाउनुपर्ने जनाएको छ। उत्पादन क्षेत्रमा डिजिटल प्रविधि तथा बौद्धिक प्रणालीको प्रयोग बढाउने, उच्चस्तरीय उत्पादन क्षमता विस्तार गर्ने, आत्मनिर्भरता सुदृढ गर्ने, हरित तथा न्यून कार्बन विकासलाई अघि बढाउने र विभिन्न उद्योग तथा क्षेत्रबीचको एकीकरणलाई प्रोत्साहन गर्ने विषयमा सम्मेलनले जोड दिएको छ।

**विदेशी लगानी आकर्षित गर्न १५ बुँदे योजना**

चीनले विदेशी लगानीलाई स्थिर तथा थप प्रभावकारी बनाउन यस वर्ष जुनमा १५ बुँदे कार्ययोजना सार्वजनिक गरेको थियो।

कार्ययोजनामा विदेशी लगानीका लागि बजार पहुँच विस्तार गर्ने, लगानीसम्बन्धी प्रक्रिया सरल बनाउने, लगानी प्रवर्द्धन बढाउने तथा विदेशी लगानीकर्तालाई आवश्यक सेवा र सुरक्षा थप मजबुत बनाउने विषय समेटिएका छन्।

यसका साथै विदेशी पुँजीको व्यवस्थापन प्रणाली सुधार गर्ने विषयलाई पनि योजनामा प्राथमिकता दिइएको छ।

**प्रोत्साहित उद्योगको नयाँ सूची**

चीनले यस वर्ष फेब्रुअरी १ देखि विदेशी लगानीका लागि प्रोत्साहित उद्योगको नयाँ सूची लागू गरेको छ। नयाँ सूचीमार्फत उन्नत उत्पादन, आधुनिक सेवा, उच्च प्रविधि, ऊर्जा बचत तथा वातावरण संरक्षण जस्ता क्षेत्रमा विदेशी पुँजी आकर्षित गर्ने लक्ष्य राखिएको छ।

त्यसैगरी चीनका मध्य, पश्चिमी र उत्तरपूर्वी क्षेत्रहरूमा विदेशी लगानी विस्तार गर्न पनि नीतिगत प्रोत्साहन दिने व्यवस्था गरिएको छ।

**फ्रान्स, स्विट्जरल्यान्ड र दक्षिण कोरियाबाट लगानी बढ्यो**

पहिलो आठ महिनामा चीनमा फ्रान्सबाट वास्तविक रूपमा भित्रिएको विदेशी लगानी ३९.२ प्रतिशतले बढेको छ। त्यस्तै, स्विट्जरल्यान्डबाट आएको लगानी १६.७ प्रतिशतले र दक्षिण कोरियाबाट आएको लगानी १६.५ प्रतिशतले बढेको छ। यी तथ्यांकमा स्वतन्त्र बन्दरगाहमार्फत भएको लगानी पनि समावेश गरिएको मन्त्रालयले जनाएको छ।

**उच्चस्तरीय उत्पादनमा विदेशी कम्पनीको सक्रियता**

चीनमा उच्चस्तरीय उत्पादन क्षेत्रमा विदेशी कम्पनीहरूको लगानी गतिविधि पनि यस वर्ष बढेको छ। दक्षिण कोरियाली अर्धचालक उपकरण निर्माता कम्पनीले दक्षिण चीनको क्वाङ्चौमा करिब १२ अर्ब ४० करोड युआन कुल लगानीमा अर्धचालक उत्पादन केन्द्र निर्माण गरिरहेको छ।

त्यस्तै, जर्मनीको मोटरवाहन सामग्री निर्माता कम्पनीले पूर्वी चीनको च्याङ्सु प्रान्तमा मानवरूपी रोबोट उत्पादन कारखाना निर्माणका लागि थप १ अर्ब युआन लगानी गरिरहेको छ।

यी लगानी गतिविधिले अर्धचालक, रोबोट, उच्चस्तरीय उत्पादन तथा अन्य उन्नत प्रविधि क्षेत्रमा चीन अझै पनि बहुराष्ट्रिय कम्पनीहरूको महत्वपूर्ण लगानी गन्तव्यका रूपमा रहेको संकेत गरेको चिनियाँ अधिकारी तथा विज्ञहरूको भनाइ छ।

**विश्वव्यापी मूल्य शृंखलामा चिनियाँ बजारको भूमिका**

अन्तर्राष्ट्रिय व्यापार तथा अर्थशास्त्र विश्वविद्यालयका प्राध्यापक छन च्यानवेईका अनुसार बहुराष्ट्रिय कम्पनीहरूले ठूलो लगानीमार्फत विश्वव्यापी मूल्य शृंखलामा चिनियाँ बजारको महत्त्वपूर्ण भूमिकालाई पुष्टि गरिरहेका छन्।

उहाँका अनुसार चीनमा उच्च प्रविधि उद्योगको विकास, ठूलो उपभोक्ता बजार, अनुसन्धान तथा विकास क्षमता, औद्योगिक पूर्वाधार र आपूर्ति शृंखलाको मजबुतीले विदेशी कम्पनीहरूलाई दीर्घकालीन लगानीका लागि आकर्षित गरिरहेको छ।

उहाँले आगामी दिनमा चीनको उच्च प्रविधि उद्योगमा विदेशी लगानीको हिस्सा अझ बढ्ने अपेक्षा व्यक्त गर्नुभयो। साथै, विदेशी कम्पनीहरूले चीनमा अनुसन्धान तथा विकास केन्द्र र क्षेत्रीय मुख्यालय स्थापना गर्ने क्रम पनि तीव्र हुन सक्ने उहाँले बताउनुभयो।

चीनको कुल विदेशी लगानीमा गिरावट देखिए पनि उच्च प्रविधि, अनुसन्धान तथा विकास, उन्नत उत्पादन र आधुनिक सेवाजस्ता क्षेत्रमा लगानी तीव्र रूपमा बढ्नुले देशको विदेशी लगानीको संरचनामा परिवर्तन भइरहेको देखाएको छ। चीनले कम लागतमा आधारित लगानी आकर्षणबाट प्रविधि, नवप्रवर्तन र उच्चस्तरीय उत्पादनमा आधारित लगानी आकर्षणतर्फ आफ्नो आर्थिक आधार विस्तार गरिरहेको सरकारी तथ्यांकले संकेत गरेको छ।

# एसियाली खेलकुदले ओलम्पिकमा योगदान बढाउनुपर्छः कोभेन्ट्री



सिन्ह्वा

नागोया । अन्तरराष्ट्रिय ओलम्पिक समिति (आईओसी) की अध्यक्ष क्रिस्टी कोभेन्ट्रीले महादेशीय खेलकुदले ओलम्पिक अभियानसँगको सम्बन्ध थप सुदृढ गर्दै ओलम्पिक खेलकुदमा योगदान पुऱ्याउने दिशामा अघि बढ्नुपर्ने बताउनुभएको छ।

सन् २०२६ को आइची-नागोया एसियाली खेलकुदमा ४३ खेल समावेश छन्।

पेरिस ओलम्पिकमा भने ३२ खेल समावेश थिए। एसियाली खेलकुदमा १७ हजारभन्दा बढी खेलाडी तथा अधिकारी सहभागी हुँदैछन्। खेलको सङ्ख्या र संरचनालाई लिएर एसियाली खेलकुदलाई थप व्यवस्थित र ओलम्पिकसँग नजिक बनाउने विषयमा बहस भइरहेका बेला कोभेन्ट्रीको यस्तो धारणा आएको हो।

"महादेशीय खेलकुदसम्बन्धी निर्णय सम्बन्धित महादेशले नै गर्नुपर्छ। महादेशीय सङ्घहरूको आफ्नै स्वायत्तता हुन्छ। तर भविष्यमा महादेशीय खेलकुदले ओलम्पिक अभियानमा कसरी योगदान पुऱ्याउन सक्छ भन्ने पक्षलाई अझ बलियो बनाउन आवश्यक छ", कोभेन्ट्रीले सिन्ह्वासँगको अन्तर्वार्तामा भन्नुभयो।

उहाँले ओलम्पिक काउन्सिल अफ एसिया (ओसीए) ले एसियाली खेलकुदलाई ओलम्पिकभन्दा एक वर्षअघि आयोजना गर्ने प्रयास गरिरहेको उल्लेख गर्नुभयो। यसो गर्दा एसियाली खेलकुदलाई ओलम्पिक छनोट प्रतियोगिताका रूपमा समेत प्रयोग गर्न सकिने उहाँको भनाइ छ।

"महादेशीय सङ्घहरूले आफ्ना प्रतियोगिता ओलम्पिकभन्दा एक वर्षअघि आयोजना गर्न जोड दिइरहेका छन्, ताकि तिनलाई ओलम्पिक छनोटका लागि प्रयोग गर्न सकियोस्। यो ओलम्पिक अभियानलाई सुदृढ बनाउने उत्कृष्ट माध्यम हुन सक्छ", उहाँले भन्नुभयो।

यद्यपि, खेल कार्यक्रम निर्धारण गर्ने अधिकार सम्बन्धित महादेशीय निकाय र आयोजक राष्ट्रमै रहने कोभेन्ट्रीले स्पष्ट पार्नुभयो। उहाँका अनुसार प्रत्येक महादेश र आयोजक राष्ट्रका खेलसम्बन्धी आफ्नै प्राथमिकता हुने भएकाले कार्यक्रम निर्धारण गर्दा विभिन्न पक्षबीच सन्तुलन आवश्यक हुन्छ।

कोभेन्ट्री शुक्रबार साँझ नागोया पुग्नुभएको थियो। शनिबार उहाँले मुख्य मिडिया केन्द्रमा एसियाका आईओसी सदस्यहरूसँग भेट गर्नुभयो भने मुख्य प्रेस केन्द्र तथा अन्तरराष्ट्रिय प्रसारण केन्द्रको अवलोकन गर्नुभयो।

उद्घाटन समारोहप्रति उत्साहित रहेको बताउँदै उहाँले खेलाडीहरूलाई प्रत्यक्ष हेर्न आफू आतुर रहेको बताउनुभयो। उहाँले बास्केटबल र पौडीसहित अन्य केही प्रतियोगिता अवलोकन गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो।

एसियाली खेलकुदको स्वर्ण पदक तालिकामा चीन लगातार ११ संस्करणदेखि शीर्ष स्थानमा रहँदै आएको छ। चीनको निरन्तर सफलताबारे सोधिएको प्रश्नमा कोभेन्ट्रीले चीनको प्रदर्शन आफैँमा स्पष्ट रहेको बताउँदै आगामी दिनमा पनि उसको सफलताको कामना गर्नुभयो।

# आर्थिक सङ्कटबीच बोलिभियाले आईएमएफको एक दशमलव नौ अर्ब डलर ऋण लिने

एपी

ला पाज । बोलिभियाका सांसदहरूले अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ) सँगको एक दशमलव नौ अर्ब डलरको ऋण सम्झौता अनुमोदन गरेका छन्। देश गहिरो आर्थिक सङ्कटमा रहेका बेला सरकारले इन्धन अनुदान हटाउने निर्णय गरेपछि ट्रेड युनियनहरूले पुनः विरोध प्रदर्शनको चेतावनी दिएका छन्।

तल्लो सदनबाट पारित भएको एक दिनपछि सिनेटले पनि सम्झौता अनुमोदन गरेको हो। यससँगै तीन वर्षे वित्तीय कार्यक्रम अघि बढाउन आवश्यक कानुनी प्रक्रिया पूरा भएको छ। कार्यक्रमको उद्देश्य घट्दो विदेशी मुद्रा सञ्चिति बढाउनु तथा उच्च मुद्रास्फीति र कमजोर आर्थिक वृद्धिबाट प्रभावित अर्थतन्त्रलाई स्थिर बनाउनु हो।

सम्झौता अनुमोदन भएको केही घण्टापछि राष्ट्रपति रोड्रिगो पाजले ट्रक, बस र ट्याक्टरमा प्रयोग हुने डिजेलमा दिइँदै आएको सरकारी अनुदान तत्काल खारेज गर्ने घोषणा गर्नुभयो। यसअघि पेट्रोलमा दिइँदै आएको अनुदानमा कटौती गरिए पनि निजी सवारीसाधनमा मुख्य रूपमा प्रयोग हुने पेट्रोलमा




तत्कालका लागि अनुदान कायम रहनेछ।

आईएमएफले बोलिभियासँग महिनौँको वार्तापछि जुलाईमा सम्झौताको घोषणा गरेको थियो। करिब दुई दशक लामो समाजवादी शासनपछि गत वर्ष सत्तामा आएको पाजको बजार मुखी सरकारले आर्थिक सुधार अघि बढाइरहेको छ।

आईएमएफको कार्यकारी बोर्डले अनुमोदन गरेपछि मात्र ऋण रकम निकासा हुनेछ। अर्थमन्त्री क्रिस्टियन मोरालेसले सम्झौताले विश्व बैंक र अन्तर-अमेरिकी विकास बैंकलगायत अन्य ऋणदाताको सरकारप्रतिको विश्वास बढाउने र थप करिब पाँच अर्ब डलर वित्तीय सहयोग जुटाउन मद्दत गर्ने बताउनुभएको छ।

तर, इन्धन अनुदान हटाउनेलगायतका आर्थिक सुधारका कदमले देशमा पुनः अशान्ति निम्त्याउने जोखिम बढेको छ। यसअघि जुन र जुलाईमा हप्तौँसम्म चलेको सडक अवरोधका क्रममा प्रदर्शनकारीहरूले राष्ट्रपति पाजको राजीनामा माग गरेका थिए। सडक खुलाउन सरकारले घोषणा गरेको सङ्कटकाललाई कङ्ग्रेसले बिहीबार थप ९० दिन लम्ब्याएको छ। यसअन्तर्गत सेना परिचालन र केही नागरिक स्वतन्त्रता निलम्बन गर्न सकिने व्यवस्था छ।

देशको प्रमुख श्रमिक सङ्गठन 'बोलिभियन वर्कर्स सेन्ट्रल' लगायतका ट्रेड युनियनहरूले आईएमएफ ऋणको विरोध गरेका छन्। उनीहरूले सरकारी खर्च कटौतीलगायतका उपायले जीवनयापनको लागत बढाउने र आर्थिक रूपमा सङ्घर्षरत परिवारमाथि थप भार पर्ने बताएका छन्।

पाजको क्रिश्चियन डेमोक्र्याटिक पार्टीले कङ्ग्रेसमा बहुमत नपाए पनि दुवै सदनमा प्रभावशाली मध्यमार्गी तथा दक्षिणपन्थी सांसदहरूले सम्झौताको समर्थन गरेका छन्। सन् २००५ मा कोका खेती गर्ने किसानका पूर्वनेता इभो मोरालेस राष्ट्रपति बनेपछि लामो समय बोलिभियाको राजनीतिमा प्रभाव जमाएको 'मुभमेन्ट टुवार्ड सोसलिज्म' पार्टीको अहिले तल्लो सदनका १३० मध्ये दुई सिट मात्र छन् भने ३६ सदस्यीय सिनेटमा उसको प्रतिनिधित्व छैन। प्राकृतिक ग्यासको निर्यात घटेसँगै पेट्रोल र डिजेल आयातका लागि आवश्यक डलरको अभाव भएपछि बोलिभियामा सन् २०२३ देखि इन्धन अभाव हुँदै आएको छ। अन्तरराष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दा सरकारी अनुदानको भारसमेत बढेको छ।

राष्ट्रपति पाजले अब डिजेल अन्तरराष्ट्रिय मूल्यमा बिक्री गरिने बताउँदै अनुदानमा खर्च हुँदै आएको रकम विद्यालय, अस्पताल र सडक निर्माणमा लगाउने प्रतिबद्धता जनाउनुभएको छ।

सरकारले मूल्यवृद्धिको प्रभाव कम गर्न २९ लाख बोलिभियाली नागरिकका लागि करिब ७ करोड ९० लाख डलर बराबरको नगद सहयोग तथा ट्रक चालक, साना व्यवसायी र उत्पादकका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने जनाएको छ।

# चिनियाँ आइसक्रिम उद्योगको विदेशी बजारमा बढ्दो विस्तार

सिन्ह्वा

तियान्जिन । गाजर, भन्टा र तारेको कुखुराको मासुजस्ता देखिने वस्तुहरू पहिलो नजरमा ताजा खानेकुरा जस्तै लाग्छन्। तर नजिकबाट हेर्दा ती वास्तवमा आइसक्रिमका सिर्जनात्मक नमुना हुन्।

उत्तर चीनको तियान्जिन नगरपालिकामा बुधबारदेखि शुक्रबारसम्म आयोजित २८ औँ चीन आइसक्रिम तथा फ्रोजन फुड इन्डस्ट्री एक्स्पोमा यस्ता नवीन उत्पादनले भारतका डेजर्ट निर्माता यशको ध्यान ताने। "यहाँ धेरै नयाँ र रोचक आइसक्रिम उत्पादन छन्, जसमा विभिन्न स्वाद र प्रकार उपलब्ध छन्", उहाँले भन्नुभयो।

'आइआइ मिडिया रिसर्च'का अनुसार चीनको आइसक्रिम बजार सन् २०२५ मा १९१ दशमलव दुई अर्ब युआन (करिब २८ दशमलव ३२ अर्ब अमेरिकी डलर) पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा चार दशमलव १९ प्रतिशत बढी हो।

तियान्जिन प्रदर्शनीमा चिनियाँ कम्पनीहरूले आइसक्रिम उत्पादनमा सिर्जनात्मकतालाई प्राथमिकता दिएको देखिएको छ। 'साङ्घाई नाइसेम ब्रान्ड म्यानेजमेन्ट कम्पनी लिमिटेड'का



महाप्रबन्धक याङ यिउका अनुसार गाजरको आकारमा बनाइएको आइसक्रिम कम्पनीको प्रमुख नवीन उत्पादनमध्ये एक हो।

याङका अनुसार चिनियाँ आइसक्रिम उत्पादनका लागि विदेशी बजारमा पनि पर्याप्त अवसर छन्। विशेषगरी परम्परागत आइसक्रिमको बजार विकसित भइसकेका देशमा नयाँ स्वाद र फरक स्वरूपका उत्पादनको माग बढिरहेको उहाँले बताउनुभयो। कम्पनीका उत्पादन २० भन्दा बढी देश तथा क्षेत्रमा निर्यात भइसकेका छन्।

यस वर्षको प्रदर्शनीमा १२० भन्दा बढी देश तथा क्षेत्रबाट एक हजार ८०० भन्दा बढी खरिदकर्ता सहभागी भएका थिए। करिब ३० अन्तरराष्ट्रिय प्रदर्शकसहित ५६० कम्पनीको सहभागिता रहेको थियो, जुन प्रदर्शनीको नयाँ कीर्तिमान हो।

विदेशी खरिदकर्ताले उत्पादनको स्वाद लिनुका साथै आइसक्रिम उत्पादन तथा प्याकेजिङ उपकरणको अवलोकन र सम्भावित व्यापारिक साझेदारीबारे छलफल गरेका थिए।

बेलायतस्थित फिनचर लिमिटेडका प्रबन्ध निर्देशक मार्क गजनले चीनमा निर्मित उपकरणप्रति आफ्नो कम्पनीको चासो बढेको बताउनुभयो। युरोपमा उपकरणको मूल्य उच्च रहेकाले आफूहरूले वैकल्पिक आपूर्तिकर्ता खोजिरहेको उहाँले बताउनुभयो।

दायुआन इन्डस्ट्रियल कम्पनी लिमिटेडका अध्यक्ष काओ चुआन्योङका अनुसार चिनियाँ खाद्य प्याकेजिङ उपकरणले प्रविधि र गुणस्तरका कारण अन्तरराष्ट्रिय बजारमा बढ्दो मान्यता पाउँदै आएको छ। कम्पनीका उपकरण ८० भन्दा बढी देश तथा क्षेत्रमा बिक्री भइसकेका छन् र कुल बिक्रीको करिब ८० प्रतिशत हिस्सा विदेशी बजारबाट आउने गरेको उहाँले बताउनुभयो।

उद्योगका जानकारहरूका अनुसार कच्चा पदार्थदेखि उत्पादन उपकरण र प्याकेजिङसम्म चीनले विकास गरेको पूर्ण औद्योगिक शृङ्खलाले विदेशी ग्राहकलाई मेसिनदेखि पूर्ण उत्पादन लाइनसम्मका समाधान उपलब्ध गराउन सहयोग गरेको छ।

चीन आफैँ पनि अन्तरराष्ट्रिय आइसक्रिम ब्रान्डका लागि महत्वपूर्ण बजार बन्दै गएको छ। म्याग्नम र वाल्सले चीनमा उत्पादन क्षमता विस्तार तथा कारखानाको आधुनिकीकरणमा लगानी बढाइरहेका छन्।

इटालियन आइसक्रिम कम्पनी बाबी एसआरएलका क्षेत्रीय प्रबन्धक थोमस मान्सिनले चीनको आइसक्रिम तथा जेलाटो बजार आगामी वर्षमा अझ विस्तार हुने विश्वास व्यक्त गर्नुभयो। नयाँ पुस्तामा आइसक्रिम र दुग्धजन्य उत्पादनप्रति बढ्दो रुचिले बजार विस्तारमा सहयोग गर्ने उहाँले बताउनुभयो।

# रुसमाथि थप दबाब बढाउने विधेयकमा ट्रम्पको हस्ताक्षर

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा जारी युद्धका कारण रुसमाथि आर्थिक दबाब बढाउने उद्देश्यले ल्याइएको नयाँ प्रतिबन्धसम्बन्धी विधेयकमा शुक्रबार हस्ताक्षर गर्नुभएको छ।

कङ्ग्रेसका दुवै सदनबाट पारित भएको उक्त कानुनले रुसको ऊर्जा तथा रक्षा क्षेत्र, रुसी अधिकारी र मस्कोको प्रतिबन्ध छल्न प्रयोग हुने 'छाया फ्लीट'का पानीजहाजलाई लक्षित गरेको छ। यसले रुसी तेल तथा ग्यासका प्रमुख विदेशी खरिदकर्तामाथि शत प्रतिशतसम्मको भन्सार महसुल लगाउने अधिकारसमेत राष्ट्रपतिलाई दिएको छ।

कानुनले रुसको तेल तथा ग्यास खरिद जारी राख्ने निश्चित विदेशी मुलुकबाट आयात हुने वस्तुमा अतिरिक्त महसुल लगाउन सकिने व्यवस्था गरेको छ। भारत र चीनजस्ता रुसका प्रमुख ऊर्जा खरिदकर्ता यस व्यवस्थाको दायरामा पर्न सक्नेछन्। यद्यपि सत प्रतिशतको भन्सार महसुल तत्काल स्वतः लागू हुने नभई निश्चित कानुनी सर्त पूरा भएपछि प्रशासनले त्यस्तो कदम चाल्न सक्ने व्यवस्था गरिएको छ।

रिपब्लिकन नेतृत्वको प्रतिनिधिसभाले बुधबार २६२-१५९ मतले विधेयक पारित गरेको थियो। यसअघि



सिनेटले ८६-११ मतले विधेयक अनुमोदन गरेको थियो।

कानुनले रुसी सेनालाई सहयोग गर्ने विदेशी कम्पनी तथा अन्य पक्षमाथि पनि प्रतिबन्ध लगाउने व्यवस्था गरेको छ। साथै, इरानमाथिका विद्यमान प्रतिबन्धलाई थप पाँच वर्ष निरन्तरता दिने प्रावधान पनि समावेश गरिएको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यसअघि विधेयकको स्वागत गर्दै अमेरिकी सांसदहरूलाई धन्यवाद दिनुभएको थियो। उहाँले रुसमाथि थप कडा आर्थिक दबाबले युद्ध अन्त्यका लागि कूटनीतिक प्रयासलाई सहयोग पुग्ने बताउनुभएको थियो।

भारतले भने आफ्नो ऊर्जा आवश्यकता पूरा गर्न विभिन्न स्रोतबाट तेल खरिद जारी राख्ने बताएको छ। नयाँ अमेरिकी कानुनले भारतको रुससँगको ऊर्जा व्यापारमा समेत प्रभाव पार्न सक्ने भएकाले यस विषयमा नयाँदिल्लीको ध्यान केन्द्रित भएको छ।

ट्रम्पले लामो समयदेखि कङ्ग्रेसबाट पारित हुने प्रतिबन्ध र भन्सारसम्बन्धी व्यवस्थामा राष्ट्रपतिको अधिकार विस्तार गर्न रुचि देखाउँदै आउनुभएको थियो। नयाँ कानुनले रुसको ऊर्जा आम्दानी तथा युद्धका लागि आवश्यक वित्तीय स्रोतमा दबाब बढाउने अमेरिकी प्रयासलाई थप कानुनी आधार दिएको छ।



**बालापनको उमेर** : कैलालीको घोडाघोडी-८, दिपनगरका बालबालिका कुलोमा माछा मार्दै । वर्षापछि कुलोमा पानी भरिएसँगै बालबालिका माछा मार्न जुटेका हुन् ।
*तस्बिरः इन्द्राकुमारी केसी / रासस*

# अर्थमन्त्री डा वाग्लेद्वारा भारतीय उद्योगी, व्यवसायीलाई नेपालमा लगानी गर्न आह्वान

काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिमवाग्लेलेभारतीयलगानीकर्ता, उद्योगी तथा व्यवसायीलाई नेपालमा लगानी र व्यापारका पर्याप्त अवसर रहेको बताउनुभएको छ । भारत भ्रमणमा रहनुभएका उहाँले नेपालमा रहेको लगानीको अवसरलाई सदुपयोग गर्न त्यहाँका लगानीकर्तालाई आह्वान गर्नुभएको उहाँको सचिवालयले जनाएको छ ।




नयाँदिल्लीस्थित इन्डिया ह्याबिट्याट सेन्टरमा कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्री (सिआइआइ)द्वारा शनिबार आयोजित व्यापार तथा लगानी अन्तरक्रियामा अर्थमन्त्री डा वाग्लेले उदीयमान लगानीका अवसरमाथि प्रकाश पार्दै आर्थिक रूपान्तरणमा सहभागी हुन आह्वान गर्नुभएको हो । उहाँले नेपालले उच्च वृद्धिको सम्भावना भएका क्षेत्रमा लगानीका लागि ठूलो अवसर प्रदान गर्ने उल्लेख गर्दै पहिले नै नेपालमा सञ्चालित भारतीय कम्पनीलाई आफ्नो लगानी विस्तार गर्न र नयाँ लगानीकर्तालाई नेपाली बजारको खोजी गर्न आग्रह गर्नुभयो ।

मन्त्री वाग्लेले नेपाल सरकार सुशासन, आर्थिक समृद्धि, लगानी सहजीकरण र संरचनात्मक आर्थिक रूपान्तरणको एजेन्डामा अघि बढिरहेकामा जोड दिनुभयो । उहाँले नीतिगत सुधारलाई तीव्र बनाउन र अझ बढी अनुमानयोग्य, पारदर्शी तथा लगानीमैत्री व्यावसायिक वातावरण सिर्जना गर्न सरकारले लागिपरेको स्पष्ट पार्नुभयो ।

"सूचना प्रविधि, स्वच्छ ऊर्जा, उच्च मूल्यको कृषि, पर्यटन र उत्पादन साझेदारीको अवधारणामा आधारित उत्पादन क्षेत्र नेपालको अर्थतन्त्रका महत्त्वपूर्ण वाहकका रूपमा उदय भइरहेका छन्", मन्त्री वाग्लेले भन्नुभयो, "भारतीय व्यवसायीलाई नेपाललाई बजारका रूपमा मात्र नभई लगानी, उत्पादन, मूल्य अभिवृद्धि र क्षेत्रीय तथा विश्वव्यापी आपूर्ति शृ ृ लामा एकीकरणका लागि रणनीतिक साझेदारका रूपमा हेर्न चाहन्छौँ ।"

उहाँले वार्षिक बजेट, कर सुधार र लगानीकर्तामैत्री नीतिगत पहलमार्फत नेपाल सरकारले हालै चालेका कदम व्यावसायिक वातावरण सुधार गर्न, लगानीका बाधाहरू हटाउन र निजी क्षेत्रको नेतृत्वमा आर्थिक वृद्धिलाई सहज बनाउन लक्षित रहेको स्पष्ट पार्नुभयो ।

## 'सिभिल इन्जिनियरिङ' अध्ययन गरेर सैलुन व्यवसाय सुरु गरेका प्रतीक भट्टराई

भद्रपुर । जापान जाने अवसर हातमा थियो । सिभिल इन्जिनियरिङको अध्ययन र निर्माण क्षेत्रमा काम गरेको अनुभव पनि थियो । तर अर्जुनधारा नगरपालिका-७ का २७ वर्षीय प्रतीक भट्टराईले विदेशको बाटो रोज्नुभएन । आफूले सिकेको सीपलाई व्यवसायमा रूपान्तरण गर्दै उहाँले शनिश्चरे बजारमा प्रशिक्षण केन्द्रसहितको सैलुन सञ्चालनमा ल्याउनुभएको छ ।

स्थानीयस्तर मै रोजगारी तथा स्वरोजगारको अवसर सिर्जना गर्ने उद्देश्यले उहाँले अर्जुनधारा-८ स्थित एक कम्प्लेक्समा 'जाइरो सैलुन एण्ड एकाडेमी' सञ्चालनमा ल्याउनुभएको हो । उक्त सैलुनको शुक्रबार वडाध्यक्ष कुमारप्रसाद उप्रेतीले शुभारम्भ गर्नुभएको थियो । "सिभिल इन्जिनियरिङ पढेको थिएँ, निर्माण क्षेत्रमा पनि केही समय काम गरेँ । हालसालै जापान जाने अवसरसमेत आएको थियो," उहाँले भन्नुभयो, "तर विदेश जानुभन्दा आफूले सिकेको सीपलाई यहीँ व्यवसायका रूपमा अघि बढाउने सोच बनाएँ ।"




सैलुन व्यवसाय सुरु गर्नुअघि उहाँले बिर्तामोडस्थित जेन्जी बार्बर सपबाट सैलुनसम्बन्धी सीप हासिल गर्नुभएको थियो । आफ्नो रुचि र सिकेको सीपलाई व्यवसायसँग जोड्ने उद्देश्यले सैलुनसँगै प्रशिक्षण केन्द्रसमेत सञ्चालनमा ल्याएको उहाँले बताउनुभयो ।

"सैलुनमा सेवा दिनेमात्र होइन, सीप सिक्न चाहने युवालाई तालिम दिने र उनीहरूलाई पनि स्वरोजगार बन्न सक्ने वातावरण बनाउने हाम्रो उद्देश्य हो," उहाँले भन्नुभयो ।

भट्टराईका अनुसार एकाडेमीमा कपाल काट्ने तथा विभिन्न हेयर स्टाइल बनाउने, विशेष अवसरका लागि हेयर स्टाइलिङ तथा मेकअप सेवा, ग्रुमिङ तथा सौन्दर्यसम्बन्धी तालिम र नयाँ तथा आधुनिक हेयर स्टाइलसम्बन्धी सीप विकास तालिम सञ्चालन गरिनेछ ।

कपालसम्बन्धी एकमहिने बेसिक र दुइमहिने एड्भान्स कोर्स सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो ।

वडाध्यक्ष उप्रेतीले विदेश जाने युवाको बढ्दो प्रवृत्तिबीच स्वदेशमै व्यवसाय सञ्चालन गर्नु सकारात्मक उदाहरण भएको बताउनुभयो ।

# 'आरोग्य नेपाल लगानी सम्मेलन-२०२६' सम्पन्न

काठमाण्डु । नेपाललाई आरोग्य पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न 'आरोग्य नेपाल लगानी सम्मेलन-२०२६' आयोजना गरिएको छ ।

टुरिजम इन्फो नेपाल र वर्ल्ड टुरिजम नेटवर्कको संयुक्त आयोजनामा आरोग्य पर्यटन वर्ष-२०२७ को पूर्वसन्ध्यामा 'आरोग्य नेपाल लगानी सम्मेलन-२०२६' आयोजना गरिएको हो ।

सम्मेलनमा सार्वजनिक-निजी साझेदारी, पूर्वाधार विकास, लगानी वृद्धि तथा दक्ष जनशक्तिको विकासमा जोड दिइएको छ । उक्त सम्मेलनमा सरकारी अधिकारी, पर्यटन व्यवसायी, लगानीकर्ता, आतिथ्य (हस्पिटालिटी) क्षेत्रका विज्ञ तथा आरोग्य पर्यटन क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमका वक्ताहरूले नेपालको हिमाली वातावरण, प्राकृतिक स्रोत, आयुर्वेद, योग, ध्यान र सांस्कृतिक सम्पदालाई विशिष्ट वेलनेस पर्यटकीय उपजका रूपमा विकास गरी विदेशी पर्यटक तथा लगानी आकर्षित गर्न सकिने सम्भावना रहेको बताएका छन् ।




सम्मेलनमा बोल्दै रक्षा मन्त्रालयका सचिव इन्दु घिमिरेले सरकारले 'राष्ट्रिय वेलनेस पर्यटन रणनीति २०२६-२०३५' स्वीकृत गरिसकेको जानकारी दिँदै सन् २०२७ लाई 'नेपाल वेलनेस पर्यटन वर्ष' का रूपमा घोषणा गरिएको बताउनुभयो ।

उहाँले गन्तव्यको प्रतिस्पर्धात्मकता, गुणस्तर तथा मापदण्ड, जनशक्ति विकास र बजार प्रवर्द्धन मुख्य रहेको बताउनुभयो ।

लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत याङ्की क्याबले बोर्डले आरोग्य पर्यटन क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सहजीकरण गर्न तयार रहेको बताउनुभयो ।

नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालमा आरोग्य पर्यटनको प्रचुर सम्भावना भए पनि पर्याप्त लगानी र पूर्वाधारको अभाव रहेको बताउनुभयो ।

वर्ल्ड टुरिजम नेटवर्कका अध्यक्ष जुर्गेन स्टीनमेट्जले वेलनेस पर्यटकहरू साधारण पर्यटकको तुलनामा धेरै समय बस्ने र बढी खर्च गर्ने भएकाले नेपालले मूल्यमा प्रतिस्पर्धा गर्नुको सट्टा मौलिक र विशिष्ट अनुभव प्रदान गर्नुपर्ने बताउनुभयो ।

नेपाल एकेडेमी अफ टुरिजम एन्ड होटल म्यानेजमेन्ट (नाथम) का कार्यकारी निर्देशक डा दिव्यराज पोखरेलले वेलनेस पर्यटनको दिगो विकासका लागि दक्ष जनशक्ति अनिवार्य रहेको बताउनुभयो ।

छलफलमा काव्य रिसोर्ट्स एन्ड स्पाका संस्थापक तथा प्रबन्ध निर्देशक हितेश गोल्छा, ओमस्टोन होटल्स लिमिटेड (दुसित थानी धुलिखेल) का प्रबन्ध निर्देशक रमेश हमाल र पार्क भिजार्ड रिसोर्टकी कार्यकारी निर्देशक अमृतअञ्जली शाक्यले झन्झटिलो कानुनी प्रक्रियालाई सरलीकरण गर्न र निश्चित समयका लागि लक्षित लगानी प्याकेजहरू ल्याउन सरकारसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा टुरिजम इन्फो नेपालका प्रबन्ध निर्देशक विश्व भण्डारीले वैदेशिक लगानी आकर्षित गर्न र नेपालको वेलनेस पर्यटन क्षेत्रको विकासलाई गति दिन सरकार र निजी क्षेत्रबीच बलियो समन्वय आवश्यक रहेको बताउनुभयो । रासस

# नेपालगञ्जको साँस्कृतिक पहिचान बन्दै रामलीला

राँझा । नेपालगञ्जमा परम्परागत रूपमा सञ्चालन हुँदै आएको ऐतिहासिक रामलीला महोत्सव यहाँको सांस्कृतिक पहिचान बन्दै गएको छ ।करिब डेढ शताब्दी भन्दा लामो इतिहास बोकेको यो रामलीला नेपालकै सबैभन्दा पुरानो र निरन्तर सञ्चालन हुँदै आएको सांस्कृतिक उत्सव भएको रामलीला सञ्चालक समितिका अध्यक्ष सन्तोषकुमार कनोडियाले जानकारी दिनुभयो ।

"हरेक वर्ष विजयादशमी (दशैं)को अवसरमा आयोजना हुने यो महोत्सवले नेपालगञ्जलाई नेपाल र भारत दुवै क्षेत्रमा एक विशिष्ट सांस्कृतिक पहिचान र गौरवमय परिचय दिएको छ", अध्यक्ष कनोडियाले भन्नुभयो,"रामलीला महोत्सवमा हिन्दु, मुस्लिम, सिख लगायत सबै समुदायका मानिसहरू एकजुट भएर सहभागी हुन्छन्, जसले सहरको आपसी सद्भावलाई बलियो बनाएको छ ।"

अध्यक्ष कनोडियाका अनुसार,सत्यमाथि विजयको प्रतीकका रूपमा मनाइने दशैंको पहिलो दिन घटस्थापनादेखि विजयादशमीको दिनसम्म राति ८ बजे देखि १२ बजेसम्म रामलीला मञ्चन गरिन्छ । यो वर्ष एक सय ५९औं संस्करण असोज २५ गते घटस्थापनाका दिनदेखि सुरु हुनेछ।

यस महोत्सवमा भगवान श्रीरामको जन्मदेखि राज्यरोहणसम्मको जीवनीलाई नाटकका रूपमा मञ्चन गरिन्छ । "विगतका वर्षहरूमा जस्तै यो वर्ष पनि रामीलला महोत्सव सञ्चालन गर्ने तयारी गरेका छौँ",अध्यक्ष कनोडियाले भन्नुभयो,"यस वर्ष भारतको वृन्दावनबाट राधा रमणको नेतृत्वमा कलाकार टोली ल्याएर रामलीला मञ्चन गरिनेछ।"



रामलीला मञ्चनका लागि बर्सेनि लाखौँ खर्च गरेर भारतबाट कलाकार ल्याइन्छ । नेपालमै कलाकार उत्पादन गर्ने प्रयास गरिए पनि सफल हुन नसकेको रामलीला सञ्चालक समितिका अध्यक्ष कनोडियाले बताउनुभयो ।

नेपालमै कलाकार उत्पादन गर्न तालिम सञ्चालन गर्ने सोंच बनाएको उहाँले उल्लेख गर्नुभयो । एउटा आयोजनामा कम्तीमा रु. १५ लाख खर्च हुने गर्दछ । अध्यक्ष कनोडियाले समुदायस्तरबाट डेढसय वर्षदेखिको यो अद्भूत कलालाई निरन्तरता दिन भइरहेको प्रयासचुनौतीपूर्णरहेकोबताउनुभयो।

"शतप्रतिशत समुदायको सहयोगबाट चलेको छ । नितान्त समुदायको अग्रसरतामा यहाँसम्म आइपुगेको यो ऐतिहासिक विरासतलाई निरन्तरता दिन र जीवन्त राख्न स्थानीय कलाकार उत्पादनलाई विशेष प्राथमिकतामा राखेर अगाडि बढ्न स्थानीय सरकारको सहयोग आवश्यक देखिन्छ ।", कनोडियाले भन्नुभयो। डेढ सय वर्षदेखि निरन्तर प्रत्येक वर्ष हुँदै आएको रामलीला महोत्सवको १ सय ५३ र १ सय ५४ औं वर्ष प्रवेशको कार्यक्रम कोरोना महामारीका कारण स्थगित गरिएको थियो भने १ सय ५८ औं वर्ष प्रवेशको कार्यक्रम गतवर्ष जेनजी आन्दोलनाका कारण नियमित रूपमा मञ्चन हुन नसके पनि रावण दहन कार्यक्रम भने गरिएको थियो ।

नेपालगञ्जवासी चासो र उत्साहका साथ रामलीला महोत्सवमा सयौंको सङ्ख्यामा मध्य रातसम्म सहभागि हुने गर्दछन् । धनुष यज्ञ, रावणवध, भरतमिलाप र रामको शुभ राज्याभिषेक भएर रामलीला महोत्सव समापन हुने गर्दछ ।

सञ्चालक समितिका अध्यक्ष कनोडियाका अनुसार, बिश्वनाथ टण्डन, बद्रिनाथ टण्डन, पाटनदिन गुप्ता, जगदिशप्रसाद वैश्य, पन्नालाल गुप्ता, जयेन्द टण्डन,भाइलाल हल्वाईलगायतले नेपालगञ्जमा रामलीला महोत्सवको सुरुवात गरेका थिए ।

नेपालगञ्जको परम्परालाई जोगाई राख्नका लागि सहयोग सङ्कलन गरेर रामलीला महोत्सव गर्दै आएको स्थानीय अगुवा द्वारिकाप्रसाद वैश्यले बताउनुभयो । सन् १९२५ देखि नेपालगञ्जको रामलीला मैदान र टण्डन राइस मिलमा मञ्चन हुँदै आएको यो कला नेपालगञ्जवासी सँगै सीमावर्ती भारतीयहरूबीच लोकप्रिय छ । भारतको उत्तरप्रदेशबाट समेत हजारौं श्रद्धालु रामलीला दर्शनका लागि आउने गरेको वैश्यको भनाइ छ । रासस


## श्री नवदुर्गा माध्यमिक विद्यालय राधापुर
**गणेशमान करनाचे नगरपालिका-२, धनुषा**
**मधेश प्रदेश, नेपाल**

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रस्तुत विषयमा गणेशमान चारनाथ नगरपालिका बिरेन्द्रबजार, धनुषाको प.सं. २०८३/०८४, च.नं. ३५७ मिति २०८३/०५/२६ गतेको प्राप्त नियुक्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०६/०२ गतेको बैठकको निर्णयानुसार यस विद्यालयको माध्यमिक तहमा संघिय शिक्षण अनुदान कोटा १ गणित विषय र विद्यालय सहायक कर्मचारी (सहायक लेखापाल) संख्या १ पदमा पदपूर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले तपसिल बमोजिम सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक स्वः हस्तलिखित निवेदनका साथ दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो विज्ञापन प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल :**

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | विषय | संख्या | नियुक्तिका प्रकार | शैक्षिक योग्यता | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ०१/०८३/८४ | शिक्षक | मा.वि तृतीय | गणित | १ | संघिय शिक्षण सहयोग अनुदान (करार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको | १५००।- | |
| २. | ०२/०८३/८४ | विद्यालय सहायक कर्मचारी (सहायक लेखापाल) | | | | संघिय अनुदान (करार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य/व्यवस्थापन संकायमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरको | १०००।- | |

**शर्त तथा आवश्यक योग्यताहरू**

१. शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९७२ शिक्षक सेवा आयोग नियमाली २०५७ (संशोधन सहित। को नियम ९ बमोजिम योग्य भएको हुनुपर्ने ।
२. तलब सुविधाः मासिक ४३६८९।-
३. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र प्रयोगात्मक परीक्षा (आवश्यकता अनुसार)
४. उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
५. दरखास्त दिने स्थान श्री नव दुर्गा मा.वि. राधापुर, धनुषा
६. दरखास्त दिने अन्तिम मितिः २०८३/०६/१६ गते बेलुका ४ बजे सम्म
७. सम्पर्क मितिः २०८३/०६/१७ गते
८. परीक्षा मितिः सम्पर्क मितिको दिन तोकिनेछ
९. आवेदन दस्तुर नेपाल बैंक लिमिटेड जनकपुर च.हि.न. ००८००१००१०६२२२६६८००००००१ जम्मा गरको सक्कलै भौचर
१०. दरखास्त साथ पेश गर्न पर्ने आवश्यक कागजातहरुः
नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिति, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि, निरोगिता प्रमाणपत्र, पासपोर्ट साइजको २ ओटा फोटो, बैंक दाखिला गरेको सक्कल भौचर
११. सहायक लेखापालको लागि Computer Basic Course अनिवार्य तथा EMIS सम्बन्धि कामको अनुभव भएको
११. विज्ञापन सम्बन्धित सम्पूर्ण अधिकार विद्यालयको शिक्षक छनौट समितिमा हुनेछ ।
१२. सम्पर्क न.: प्र.अ ९८५४०२१४३६, वि.व्य.स अध्यक्ष ९८१३४६०२२६

**प्रधानाध्यापक**

# कांग्रेस फुटिसकेको छ, अर्को पार्टी बनोस् हामी चाहन्छौं : नेता निधि

"पार्टी एउटै नरहेको त विशेष महाधिवेशनबाट नै पार्टी फुटिसकेको हो । त्यसैले पार्टी त एउटै छैन," उनले भने, "अहिले खाली हामीले कोसिस गरिरहेका छौं । हामी अझै एउटा पार्टी बनोस् भन्ने चाहन्छौं ।

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस गगन थापा समूहको महाधिवेशन अन्तर्गत वडा अधिवेशन जारी रहेको बेला देउवा समूहका नेता विमलेन्द्र निधिले आफ्नो समूहले वडा तहदेखि केन्द्रीय महाधिवेशनसम्म सबै तहको अर्को अधिवेशन गर्ने बताएका छन् ।




संस्थापन पक्षले एकलौटी अघि बढाएको महाधिवेशन प्रक्रियामा आफूहरूले स्वीकार्ने अवस्था नै नरहेको उनको भनाइ छ । उनले संस्थापन पक्षले जिल्ला र प्रदेश तहको अधिवेशन नगर्ने निर्णय गरेकोप्रति प्रश्नसमेत उठाएका छन् ।

सञ्चार माध्यमसँग कुरा गर्दै उनले भने, 'हामीले असोज १५ गतेदेखि महाधिवेशन प्रक्रिया अघि बढाउने र मंसिर २१, २२ र २३ गते केन्द्रीय महाधिवेशनसहित सबै तहको अधिवेशन गर्ने तयारी गरेका छौं । उनीहरूले जिल्ला र प्रदेशको नगर्ने भनेको छ । यसको अर्थ उनीहरू जिल्ला र प्रदेश, जुन हाम्रो संघीय प्रणाली हो, त्यसलाई छोड्न खोजेको हो कि क्या हो ?'

दुई पक्षबीच महाधिवेशन प्रक्रिया अघि बढे पनि पार्टी एकताका लागि संवादको सम्भावना भने अझै रहेको उनको भनाई छ । उनले भने सभापति गगन थापाले सार्वजनिक रूपमा १६ गतेसम्म सहमतिको प्रयास गर्ने बताइरहे पनि आफूहरूसँग भने अहिलेसम्म कुनै सम्पर्क गरेको छैन ।

आफ्नो समूहका केही नेताहरू अर्को पक्षमा गएको विषयमा त्यसलाई व्यक्तिको राजनीतिक स्वतन्त्रताको विषय भएको बताउँदै उनले थपे, 'जसलाई जाने इच्छा छ, स्वतन्त्रता छ, अधिकार छ। जता जोसँग जाने, जुन पार्टीमा जाने, जोसँग जाने, ऊ स्वतन्त्र हुन्छ ।'

विशेष महाधिवेशनपछि नै कांग्रेस एउटै नरहेको दाबी गर्दै अहिले पनि पार्टीलाई एउटै बनाउने प्रयास भइरहेको बताए ।

'पार्टी एउटै नरहेको त विशेष महाधिवेशनबाट नै पार्टी फुटिसकेको हो । त्यसैले पार्टी त एउटै छैन,' उन ले भने, 'अहिले खाली हामीले कोसिस गरिरहेका छौं । हामी अझै एउटा पार्टी बनोस् भन्ने चाहन्छौं ।'

पार्टीको आधिकारिकतासम्बन्धी विवादमा सर्वोच्च अदालतको निर्णय कुर्ने बताए। सर्वोच्चले पुनरावलोकनको निस्सा दिएकाले आफूहरूले आधिकारिकता पाउनेमा आशावादी सुनिए ।

'सर्वोच्चलाई त कुर्नै पर्‍यो नि। सर्वोच्चको न्यायलाई त सबैले कुर्छन्। सर्वोच्चले न्याय दिन्छ भन्नेमा विश्वास छ। पुनरावलोकनको निस्सा दिएको छ। पुनरावलोकनको निस्सा भनेको हत्तपत्त पाइँदैन' निधिले थपे ।

निर्वाचन आयोगले विशेष महाधिवेशनलाई मान्यता दिँदै पार्टीको विवरण अद्यावधिक गरेको निर्णय गलत भएको उनको जिकिर छ ।

अदालतको मुद्दा विचाराधीन भएपनि राजनीतिक सहमतिको प्रयास पनि सकिएको होरु भन्ने जिज्ञासामा उनले भने, 'हामीलाई थाहा छैन। राजनीतिक सहमतिको प्रयास भएको छैन। अन्तिम फैसला आओस् न, के हुन्छ, त्यसपछि विचार गर्छौं ।'

# जसपा नेपालले मनाए विरोध दिवस

**टुडे समाचारदाता**

जनकपुरधाम । असोज ३ गते संविधान दिवसलाई जनता समाजवादी पार्टी धनुषाले विरोध दिवसको रुपमा मनाएका छन् ।

शनिवार जनकपुरधामस्थित उद्योग वाणिज्य संघको सभाहलमा जिल्लास्थिति पालिका प्रमुख, प्रतिनिधि र केन्द्रिय, प्रादेशिक तथा स्थानीय नेताहरुको उपस्थितिमा विरोध कार्यक्रम गरेका छन् ।




सो विरोध कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व प्रदेश सांसद एवं जसपा नेपालका उपाध्यक्ष परमेश्वर साहले संविधानमा अधुरो रहेका अधिकारहरु सुनिश्चितता गर्न संशोधन वा पुर्नलेखनका लागि दबाव दिन संविधान दिवसलाई विरोध दिवसको मनाउँदै आइरहेको बताए।

कार्यक्रमलाई सम्बोधन गर्दै साहले भने जबसम्म प्रदेशलाई अधिकार सम्पन्न र पार्टीले उठाएको मधेश आन्दोलनको प्रमुख माग जनसंख्याको आधारमा निर्वाचन क्षेत्र, आत्मनिर्णय सहितको अधिकार, प्रदेशलाई आफ्नो पुलिस प्रशासन र राज्यको हरेक निकायमा मधेशीको पहुँच नभएसम्म हाम्रो विरोध जारी रहने बताए।

यस्तै कार्यक्रममा जसपा नेपालका नेता एवं पूर्व सांसद शैलेन्द्र यादवले मधेशीको टाउको र छातीमा गोली हानेर संविधान जारी गरिएको स्मरण गर्दै जबसम्म शहादत प्राप्त मधेशी सपूतहरु उठाएका अधिकार प्राप्ति हुँदैन तबसम्म जसपा नेपालले विरोध जारी राख्ने बताए ।

कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरुले राज्य झन निरंकुशतातर्फ धकेलिएकाले प्रदेशलाई अधिकारसम्म नबनाएसम्म संघीयता कार्यान्वयन हुन नसक्नेमा जोड दिएका छन् । उनीहरुले विगतदेखि नै मधेशी जनता राज्यबाट ठगिदै आएकाले अब आफ्नो अधिकारका लागि पुनः सशक्त आन्दोलनको आवश्यकता रहेकोमा जोड दिएका थिए ।

कार्यक्रममा उपस्थिति जसपा नेपालका नेता संजय चौधरीले संविधानका सबै विषय नराम्रो होइन, धैरै राम्रा पक्ष पनि छन् । त्यसले मधेशीले अधिकार सम्पन्न हुँदैन । प्रधानमन्त्री बालेन्द्र साहले भने अनुसार बलगर प्रदेशका लागि प्रदेशको आफ्नो पुलिस प्रशासन सहित संधिवान तोकिएका अधिकारहरु नदिएसम्म संघीयता कार्यान्वयन हुन सक्दैन ।

उनले थप्दै भने हामीले संविधानको विरोधभन्दा पनि संविधानमा समेटन नसकिएका उत्पीडनमा परेका मधेशी, दलित, आदिवासी जनजातिले अधिकार संशोधन गरी समावेश गर्न र सबै अधिकार केन्द्रिकृत नगरी संविधानमा तोकिएका अधिकारहरु दिन दबाव स्वरुप विरोध कार्यक्रम गर्दै आएका छौ र माग पुरा नभएसम्म विरोध जारी रहनेछ ।

# प्रधानमन्त्रीको विकल्प खोज्ने बेला आएको छैन : यादव




**टुडे समाचारदाता**

काठमाण्डू । जनता समाजवादी पार्टी (जसपा) नेपालका उपाध्यक्ष राजकिशोर यादवले प्रधानमन्त्री बालेन्द्र शाहको विकल्प खोज्ने बेला नआएको बताएका छन् ।

संविधान दिवसको अवसरमा राष्ट्रिय मुक्ति पार्टी नेपालले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उपाध्यक्ष यादवले प्रधानमन्त्री बालेनलाई जुन उद्देश्यका साथ ल्याइएको हो, त्यो मिसन पूरा नभएसम्म उनको विकल्प खोज्न उचित नहुने भने ।

उनले भने, 'प्रधानमन्त्री बालेनले अहिले के गरिरहनुभएको छ, के गरिरहनुभएको छैन त्यो समीक्षाको कुरा होला, तर उहाँले तीन दलको सिन्डिकेट समाप्त गर्नुभएको छ ।' तीन दलको 'दादागिरी' अन्त्य हुनु नेपालीका लागि खुसीको कुरा भएको उनले बताए ।

मधेसवादी दलका नेताहरूले प्रधानमन्त्री बन्ने हिम्मत नगरेको र मन्त्रीभन्दा माथि सोच्न नसकेको अवस्थामा बालेनले हिम्मत गरेर मधेसबाट देशको प्रधानमन्त्री बनेर इतिहास रचेको बताए ।

बालेनले बनाएको बाटोमा हिँडेर नेपाललाई परिवर्तन गर्नुपर्ने बताउँदै त्यसका लागि मधेसवादी दलहरूले शक्ति आर्जन गर्नुपर्नेमा जोड दिँदै उनले भने हाल मधेसवादी दलहरूसँग शक्ति नभएका कारण संविधान संशोधन गराउन सकिने अवस्था छैन ।

मधेसवादी दलहरूले आफ्नो प्रधानशत्रु छुट्याउन नसकेको र आफ्नै पार्टीभित्रका नेतालाई हराउने र पछार्ने कार्यमा लाग्दा मधेसको अवस्था कमजोर भएको उनले टिप्पणी गर्दै नेता यादवले राजनीतिलाई अगाडि बढाउन विगतका कमजोरी स्वीकार गरी अघि बढ्नुपर्नेमा जोड दिए ।

संसदमा चुच्चे नक्साको कुरा उठाउँदा संविधानको अन्त्य भएको दाबी गर्दै उनले भने, 'त्यतिबेला आफ्नो पार्टीका एकजनाले बोल्दा उनको सांसद पद खोसियो तर कसैले बोल्न सकेनन् ।' नेपाल अहिले अस्तित्वको लडाइँ लडिरहेको उल्लेख गर्दै उनले भने अब संविधान संशोधन गरेर मात्र केही हुँदैन नयाँ ढंगबाट सोच्नुपर्ने बेला आएको छ ।

# संविधानको कार्यान्वयन आवश्यक : प्रदेश प्रमुख कर्ण

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले संविधानले सुनिश्चित गरेका अधिकार, लोकतान्त्रिक मूल्य-मान्यता र व्यवस्थाको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताएका छन् ।



संविधान दिवस तथा राष्ट्रिय दिवस २०८३ का अवसरमा शुभकामना सन्देश जारी गरी प्रदेश प्रमुख कर्णले नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त संविधानलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधारस्तम्भका रूपमा व्याख्या गरेका छन् ।

संविधानको मर्म र भावनालाई आत्मसात् गर्दै यसको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै उनले संविधानले सुनिश्चित गरेका अधिकार, लोकतान्त्रिक मूल्य-मान्यता र व्यवस्थाको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए ।

प्रदेश प्रमुख कर्णले संविधानको भावना र उद्देश्यअनुसार राज्यका सबै तह र पक्ष अघि बढ्नुपर्नेमा दिँदै संविधानको प्रभावकारी कार्यान्वयनसँगै सुशासन, राष्ट्रिय एकता र सामाजिक सद्भाव सुदृढ गर्नु सबैको साझा दायित्व भएको बताएका छन् ।

संविधान दिवसले संविधानको रक्षा, कार्यान्वयन र लोकतान्त्रिक गणतन्त्रलाई थप संस्थागत गर्न सबैलाई प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्दै उनले दिवसका अवसरमा सम्पूर्ण नेपालीमा शुभकामना व्यक्त गरेका छन् ।

# श्रोत नखुलेका रकमसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर भन्सार नाकाबाट स्रोत नखुलेको २ लाख ५४ हजार रुपैयाँ नगदसहित दुई जना पक्राउ परेका छन् ।

शुक्रबार अपराह्न गौर नगरपालिका-१ स्थित गौर भन्सार कार्यालय अगाडि गरिएको संयुक्त चेकजाँचका क्रममा भारतबाट नेपाल प्रवेश गर्दै गरेको बीआर ०६ एआर ०८०२ नम्बरको मोटरसाइकलमा सवार दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा जिल्लाका माधवनारायण नगरपालिका-७, लौकाहाका २६ वर्षीय सञ्जिव पण्डित र १८ वर्षीय रितिक दास रहेको रौतहट प्रहरीले जनाएको छ ।

उनीहरूको साथबाट स्रोत नखुलेको नेपाली नगद २ लाख ५४ हजार रुपैयाँ, चाँदीजस्तो देखिने दुई थान पायल, दुई थान मोबाइल फोन तथा मोटरसाइकल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी वसन्त गौतमले बताएका छन् ।

भन्सार सुरक्षा गार्डका असई दीपककुमार यादवको नेतृत्वमा तीन जना तथा सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म हेडक्वार्टर गौरका सशस्त्र प्रहरी नायब उपरीक्षक दुर्गाप्रसाद भट्टको नेतृत्वमा सात जनाको संयुक्त टोलीले चेकजाँच गर्ने क्रममा उनीहरूलाई रकमसहित नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

# कांग्रेस रौतहटको विस्तारित बैठक सम्पन्न

**टुडे समाचारदाता**

रौतहट । नेपाली कांग्रेस रौतहट जिल्ला कार्यसमितिको विस्तारित बैठक सम्पन्न भएको छ । बैठकबाट पार्टीको १५औं महाधिवेशन तथा वडा अधिवेशनलाई सफल बनाउन नेता-कार्यकर्तालाई सक्रिय रूपमा जुट्न आह्वान गरिएको छ ।

बैठकमा नेपाली कांग्रेस मधेस प्रदेश प्रचार विभाग प्रमुख नितेशकुमार गुप्ताले पार्टीका नेता तथा कार्यकर्तालाई संगठन सुदृढीकरण सँगै आगामी महाधिवेशनलाई सफल बनाउन एकताबद्ध भएर अघि बढ्न आग्रह गरेका छन् ।

गुप्ताले कांग्रेस नयाँ चरणमा प्रवेश गरेको उल्लेख गर्दै पार्टीलाई नयाँ ऊर्जा र नेतृत्वका साथ अघि बढाउनु पर्ने धारणा राखे । उनले कार्यक्रममा बोल्दै अगामी दिनमा गगनकुमार थापा प्रधानमन्त्री बन्ने दाबी समेत गरे ।

बैठकमा पार्टीभित्र एकता, अनुशासन र संगठन सुदृढीकरणलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको थियो । साथै, वडा अधिवेशनलाई उत्साहपूर्ण, व्यवस्थित र सफल बनाउन सबै क्रियाशील सदस्य, नेता तथा कार्यकर्तालाई सक्रिय हुन आग्रह गरिएको छ ।

कांग्रेस रौतहटमा असोज ४ गते वडा अधिवेशन गर्ने तयारी गरिएको गुप्ताले जानकारी दिए । उनले वडा अधिवेशनलाई पार्टी संगठनको आधार बलियो बनाउने महत्वपूर्ण अवसरका रूपमा लिएर सक्रियता पूर्वक सहभागी हुन नेता तथा कार्यकर्तालाई आग्रह गरे ।

## जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायु जन्य जोखिमको पुर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रबर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तन अनुकूल जीवनशैली अपनाऔं,
- प्लाष्टिक तथा फोहोरजन्य प्रदुषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८